जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ४४, २०७६ साल फागुन २३ गते शुक्रबार, नेपाल संवत् ११४० (March. 6, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## सांसदहरुबीच टर्कीमा कुटाकुट

काठमाडौं । टर्कीको संसदमा विवाद उत्पन्न भएपछि सांसदहरुबीच कुटाकुट भएको छ। एक प्रतिपक्षी सांसदले राष्ट्रपति रिसेप तायीप एर्दोगानको आलोचना गरेपछि विवाद चर्किएको हो ।

प्रतिपक्षी सांसद एन्जिन ओजकोकले सिरियामा मारिएका सिपाहीको अपमान गरेको आरोप लगाउँदै कडा आलोचना गरेपछि उनीविरुद्ध सांसद **बाँकी ८ पेजमा**

## ढकाल ९३ वर्षमा




काठमाडौं । यस ग्रेटर नेपाल साप्ताहिकका आजीवन सल्लाहकार तथा सम्पादक/प्रकाशक सुरेन्द्र ढकालका पिता वासुदेव ढकाल यही फागुन २२ गतेबाट ९३ वर्षमा प्रवेश गर्नुभएको छ ।

उत्तरी ध्रुव प्रदेशको यात्रा गर्ने प्रथम नेपाली, योगाचार्य तथा वरिष्ठ साहित्यकार ढकाल तत्कालीन श्री ५ को सरकारको **बाँकी ८ पेजमा**

# आम नागरिकमा कोरोनाको त्रास

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको शिक्षण अस्पताल महाराजगन्जमा दोस्रो पटक मिर्गौला प्रत्यारोपणले सफलता पाएसँगै अस्थिर अवस्थामा रहेको मुलुकको राजनीति विस्तारै सक्रिय बन्दै जाने निश्चितप्रायः छ। प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणले कोरोना भाइरसको त्रासदीलाई समेत ओझेलमा पारेको छ । विश्वका ७८ देशमा फैलिएको डेभिड-१९ भाइरसले महामारीको रुप लिइरहेको छ । यद्यपि नेपालमा अहिलेसम्म कोरोना संक्रमित बिरामी फेला नपरेको बताइन्छ । तर विश्व स्वास्थ्य संगठनले नेपाल कोरोना भाइरसको उच्च जोखिममा रहेको भनेपछि सरकार केही सतर्क देखिएको छ । मुलुककै ध्यान प्रधानमन्त्रीको स्वास्थ्यका केन्द्रित रहेका बेला कोरोनाले सहज प्रवेशको मौका पाउने हो कि ? भन्ने आशंका गरिनु अस्वाभाविक होइन ।



चीनमा भयावह बनेको यो भाइरसले अहिलेसम्म पृथ्वीका ६ वटै महादेशलाई छोइसकेको छ- पूर्वी एसियाली राष्ट्र दक्षिण कोरिया र जापान अनि मध्यपूर्वी राष्ट्र इरान र खाडी क्षेत्र हुँदै यो प्रकोप युरोपमा बढ्ने क्रममा छ । विश्वव्यापी रुपमा भाइरसबाट ९२ हजार जनसंख्या कोभिड १९ बाट संक्रमित भइसकेको छ भने ३ हजार १ सय १० जनाले ज्यान गुमाएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । विश्व स्वास्थ्य संगठनले चीनबाहेकका अन्य देशमा पनि यो भाइरस दिनानुदिन फैलिन थालेपछि संक्रमण विरुद्धको लडाइँ अब निर्णायक चरणमा पुगेको बताइएको छ । दक्षिण कोरिया, जापान, इटाली र इरान जस्ता राष्ट्र अहिले अत्यन्तै संवेदनशील अवस्थामा पुगेका छन् । त्यहाँ स्कुल, कलेज बन्द गरिएका छन् । धेरैजसो विकसित मुलुकले नियन्त्रणका लागि सशक्त कदम चालेका छन् भने कतिपय राष्ट्रले आफ्नो मुलुक वा एक सहरबाट अर्को सहरमा नसरोस् भनेर सतर्कता अपनाएका छन् । उनीहरुले सीमा नाकामा कडाइ गरेका छन् । संक्रमण फैलिएका मुलुकमा आवतजावतमा कडाइ गरेका छन् । जनचेतनाका लागि अभियान सुरु गरिएका छन् ।

नेपाल चीनसँगै जापान र दक्षिण कोरियासँग पनि आकाश मार्गबाट जोडिएको छ । चीनमा कोरोना भाइरस घट्दो मात्रमा भए पनि दक्षिण कोरिया र जापानमा संक्रमण व्यापक रुपमा फैलिँदै गएको छ । विश्व स्वास्थ्य संगठनका महानिर्देशक ट्रेडोसमा एडानोम गेह्रब्रेयसले भनेका छन्- यो भाइरस आफ्नो देशमा भित्रिँदैन भनेर कोही ढुक्क नहुनु

सतर्कता अपनाउनु । संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटरेसले विश्वभरका कूटनीतिज्ञलाई अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी **बाँकी ८ पेजमा**

## होलीमा भेला नहुन प्रशासनको आग्रह

काठमाडौं । कोरोना भाइरसको माहामारी संसारभर फैलिएकाले काठमाडौं जिल्ला प्रशासनले होलीमा तडकभडक तथा सभा सम्मेलन नगर्न आग्रह गरेको छ । बिहीबार जिल्ला प्रशासनले सूचना जारी गर्दै कोरोना भाइरसबाट सचेत हुन यस्तो आग्रह गरेको हो ।

जिप्रकाद्वारा जारी सूचनामा भनिएको छ, 'विश्वभर माहामारीको रुपमा फैलिदै गएको कोरोना भाइरसबाट नेपाल उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनबाट प्रतिक्रिया ब्यक्त भएको साथै नेपाल सरकारले समेत यसको संक्रमणबाट जोगिन सचेतना अपनाउन भीडभाडमा नजान तथा भेला, सभा, सम्मेल जस्ता कार्यक्रमहरु नगर्न अनुरोध गरिएको सन्दर्भमा काठमाडौं जिल्लामा अर्को निर्णय नभएसम्मका लागि विभिन्न प्रकारका उत्सव, मेला, पर्व (होली लगायत) का कार्यक्रमको आयोजना नगर्न र त्यस्ता सम्मेल तथा कार्यक्रमहरुमा सहभागी नहुन समेत सबैमा अनुरोध छ।'

बिहीबारसम्म ८४ देशमा कोरोना भाइरसको संक्रमण देखापरेको छ। जसबाट ९५ हजार ५०९ जना बिरामी परेका छन् भने तीन हजार दुई सय ८६ जनाको मृत्यु भइसकेको छ । विश्व स्वास्थ्य संगठनले पनि कोरोना भाइरसको उच्च जोखिम रहेका पाँच देशको सूचिमा नेपाललाई राखेको छ।

## प्रधानमन्त्रीको स्वास्थ्यमा सुधार



काठमाडौं । बुधबार त्रिवि शिक्षण अस्पतालमा मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा क्रमिक सुधार हुँदै गएको छ। मिर्गौला प्रत्यारोपण गरेको दोस्रो दिन बिहीबार प्रधानमन्त्री ओलीले झोलिलो खानेकुरा खाएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाका जानकारी गराएका छन् ।

प्रधानमन्त्री ओलीलाई शल्यक्रिया कक्षबाट प्रत्यारोपण उपचारकक्षमा राखिएको छ । उनको पछिल्लो स्वास्थ्य अवस्थाबारे अस्पतालले निरन्तर जानकारी गराइरहेको छ । ओलीलाई नातामा भान्जी पर्ने समीक्षा संग्रौलाले मिर्गौला दान गरेकी थिइन् ।

शल्यक्रियामा दुइटा टोली खटिएको थियो । एउटा डा.प्रेम ज्ञवालीको टोली र अर्को डा.उत्तम शर्माको टोली । एउटा टोलीले दाताको शल्यक्रिया र अर्को टोलीले प्रधानमन्त्रीको शल्यक्रिया गरेको हो। प्रधानमन्त्रीको मिर्गौला प्रत्यारोपणमा १६ जना चिकित्सक सहभागी थिए। शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले मिर्गौला प्रत्यारोपणको शल्यक्रियामा संलग्न सबै चिकित्सक र कर्मचारीलाई धन्यवाद दिएका छन् । प्रधानमन्त्रीको एउटा मिर्गौलाले काम गर्न छाडेपछि २०६४ सालमा भारतको एपोलो अस्पतालमा पहिलो पटक मिर्गौला प्रत्यारोपण भएको थियो । ओलीको दोस्रो पटकको मिर्गौला प्रत्यारोपणमा पहिलो पटक प्रत्यारोपण गर्ने भारतीय चिकित्सक अनन्त कुमार पनि सहभागी थिए ।

## कांग्रेस विवाद उत्कर्षमा



काठमाडौं । नेपाली कांग्रेसमा १४ औं महाधिवेशनको कार्यतालिका आए पनि आन्तरिक विवाद भने झन् बढ्दै गएको छ। पुस अन्तिम साता केन्द्रीय समितिको बैठकबाट सुरु भएको महाधिवेशन केन्द्रित विवाद गठन र केन्द्रीय सदस्य मनोनयनसँगै केन्द्रीय नेताहरुबीचको दूरी लम्बिँदै गएको छ ।

संस्थापन इतर पक्षले महाधिवेशनको एजेन्डा नआएपछि केन्द्रीय समितिको बैठक नै बहिष्कार गरेको थियो । संस्थापनले अरुको सहमतिबिना नै महाधिवेशनको कार्यतालिका बहुमतबाट ल्यायो । त्यसपछि कांग्रेस विवाद झन् लम्बियो । एक महिनापछि निर्णय फिर्ता लिएसँगै महाधिवेशनको कार्यतालिका पुनः संशोधन गरियो ।

१३ माघमा केन्द्रीय समिति बैठकबाट निर्णय सच्याउन सभापति शेरबहादुर देउवा तयार भए । तर त्यसपछि पनि आन्तरिक समायोजन समयमै सकाएर कांग्रेस १४ औं महाधिवेशनको कार्यतालिकामा प्रवेश गरेन। २९ माघमा २५ जिल्लाको आन्तरिक संरचनाको समायोजन नसकिएपछि १५ फागुनसम्म म्याद थपियो । तर ७७ मध्ये आधा जिल्लाको समायोजन अझ पूरा हुन बाँकी नै छ ।

समयमै समायोजन नसक्दा महाधिवेशनको कार्यतालिका अन्तर्गत क्रियाशील सदस्यताको विवरण र नवीकरण समयमा सुरु हुन सकेको छैन । १३ औं महाधिवेशनको सदस्यताको रेकर्ड नै प्रभावकारी रुपमा नराखिएको भन्दै विवाद भएको छ । केन्द्रीय समितिको बैठकदेखि देखिएको विवाद साम्य भए पनि विभाग गठनपछि पुनः उत्कर्षमा पुगेको छ । **बाँकी ८ पेजमा**

## अर्थतन्त्रमा कोरोना सन्त्रास

काठमाडौं । चीनबाट फैलिएको कोरोना भाइरसका प्रभाव नेपालको अर्थतन्त्रमा समेत गम्भीर रुपमा पर्न सक्ने सन्त्रास पैदा भएको छ। ७० भन्दा बढी मुलुकमा फैलिएको कोरोनाको कारण विश्व अर्थतन्त्रमा १.५ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरेको पाइन्छ भने नेपालको आर्थिक वृद्धिदर पनि खस्किने सम्भावना देखिएको छ । चालु आर्थिक वर्षमा साढे आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएको सरकारले आर्थिक वृद्धिको उक्त लक्ष्य भेट्न नसक्ने अनुमान गरिँदै आएकोमा कोरोना भाइरसका कारण ५ प्रतिशतमा खुम्चने अनुमान गर्न थालिएको छ ।

नेपालको अर्थतन्त्रको आकार सानो रहेको र यसको मुख्य व्यापारिक कारोबार भारत तथा कोरोना प्रभावित मुलुक चीनसँग हुँदै **बाँकी ८ पेजमा**

## सुखानीका सहिदको अवहेलना

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनलाई नै नयाँ दिशा दिने ऐतिहासिक झापा विद्रोहका अगुवाहरु अहिले ओझेलमा छन् । झापा विद्रोहकै निगेसी बोकेका केपी शर्मा ओली यतिबेला देशकै कार्यकारी प्रमुखको हैसियतमा छन् ।

फासिस्ट निरंकुश पञ्चायती एकदलीय शासनविरुद्ध हतियार उठाउने झापा विद्रोहका योद्धाहरुको कहीँ कतै चर्चा छैन। बाँचुन्जेल के छ ? कस्तो छ ? भनेर नसोध्ने मतलबी नेपाली समाजले मरेपछि भने के भएर, कसरी हुँ ? भनेर ठाडा कान लगाउने गर्छ । तर देश र जनताका निम्ति जीवन कुर्बान गर्ने झापाली युवा वागीहरुलाई उनीहरुकै दलले सत्तारुढ हुँदा पनि सम्झना समेत नगरिनु विडम्बनापूर्ण छ ।

प्रसंग हो, फागुन २१ को । वि.सं. २०२९ साल फागुन २१ गते झापा विद्रोहका अगुवा बुद्धिजीवीहरुलाई पञ्चायती कायर **बाँकी ८ पेजमा**

## यस्ता छन् माले पोलिटब्युरोका निर्णय

काठमाडौं । नेकपा मालेले अकस्मात दुर्घटनामा पर्नुभएका महासचिव सीपी मैनालीको स्वास्थ्यलाभको कामनासहित केही गम्भीर निर्णयहरु गर्दै एक विज्ञप्ति प्रकाशित गरेको छ। विज्ञप्तिमा भनिएको छ- 'नेकपा (माले) को पोलिटब्युरोको विस्तारित बैठक स्थायी कमिटी सदस्य क.डम्बर श्रेष्ठको अध्यक्षतामा २०७६ फागुन २०-२१ गते पार्टी केन्द्रीय कार्यालय, रातोपुल, काठमाडौंमा सम्पन्न भएको छ । बैठकले लिएका केही समसामयिक निर्णयहरूलाई सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ

फागुन २१ गते सुखानी सहिद दिवस, बैठकले सर्वप्रथम सुखानीका वीर सहिदहरूलगायत ज्ञात-अज्ञात सम्पूर्ण सदिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूले देखाएको बाटोमा अविचलित रहने पुनःप्रतिवद्धता व्यक्त गरेको छ ।

बैठकले पार्टी महासचिव क.सी.पी.मैनाली पर्नुभएको सडक दुर्घटना अस्वभाविक र नियोजित रहेको ठहर गर्दै महासचिव लक्षित सो दुर्घटना एम्.सी.सी.सम्झौता खारेजी र भारतद्वारा कब्जा गरिएको नेपालीभूमि फिर्ता गराउनका लागि जारी आन्दोलनको नेतृत्वलाई भौतिक रुपबाटै समाप्त पार्ने नियतले गराइएको त होइन ? भन्ने गम्भीर प्रश्न उत्पन्न भएको छ । तसर्थ यस दुर्घटनाको सीआईबीद्वारा जाँच गराउन सरकारसँग माग गर्ने र पार्टीको गठित कार्यदलद्वारा जनस्तरबाट छानबिन गराउने स्थायी कमिटीको निर्णयलाई अविलम्ब कार्यान्वयनमा लैजाने निर्णय गरेको छ ।

एम्.सी.सी.सम्झौता खारेजी र भारतद्वारा कब्जा गरिएको नेपाली भूमि फिर्ता गराउनका लागि नेकपा (माले) सहित देशमा कृयाशील दश राजनीतिक दलद्वारा विभिन्न चरणका विरोध कार्यक्रमहरू भइरहेको **बाँकी ८ पेजमा**

## फागु पर्वको सान्दर्भिकता

**समय-सन्दर्भ**

**प्रा.डा. डिल्ली ओली**

हरेक देश, ठाउँ, समाजमा धर्म, दर्शन, परम्परा, खगोल, भूगोल, मौसम र समुदायअनुसारका चाडपर्व हुन्छन् । त्यस्ता पर्व पर्व्यानीहरुको सामाजिक-सांस्कृतिक र मानवीय पक्ष हुन्छ । चाडपर्व भौगोलिक, सांस्कृतिक र सामुदायिक परिचय पनि हो । यस्तै परिचय र सान्दर्भिकता बोकेको पर्व फागु पनि हो ।

फागुलाई होली पनि भनिन्छ । यो भारतीय शब्द हो । यो पर्व सम्बन्धित कथाका पात्रहरु हिरण्यकस्येपु, होलीका र प्रल्हाद हुन् । यि जोडिएका पात्र हुन् । शास्त्रीय, पौराणिक विषय र पात्रहरुले समाजलाई परम्परा, संस्कृति



र संस्कारमा बाँधेका हुन्छन् र तिनले समाज र समुदायमा निरन्तरता पाइरहेका हुन्छन् । यिनमा समय ठाउँ र परिस्थितिअनुसार परिवर्तन भइरहनु स्वभाविक प्रक्रिया मानिन्छ ।

फागु पर्व वसन्त ऋतु परिपक्क हुने समयमा फाल्गुन महिनामा पर्दछ र गर्मी सुरु हुने हुँदा रंग महोत्सवको रुपमा पनि लिइन्छ । यो भावनात्मक पक्ष हो । यद्यपि यो **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# नेपाली चिकित्सकहरू अब्बल सावित

प्रधानमन्त्री केपी शर्मा ओलीको गत बुधबार त्रिवि शिक्षण अस्पतालमा गरिएको मिर्गौला प्रत्यारोहण सफल भएको सन्देश चिकित्सकहरूले प्रवाह गरेपछि नेपालको चिकित्सा क्षेत्र पनि विकसित राष्ट्रहरूको दाँजोमा सक्षम बन्दै गएको संकेत मिलेको छ । प्रा.डा. प्रेम ज्ञवाली लगायतका चिकित्सकहरूको टोलीले प्रधानमन्त्रीलाई गरेको मिर्गौला प्रत्यारोपणको सफलताको कामना गर्ने सबैलाई सुखद सन्देश प्रवाह भएको छ भने सामान्य उपचारमा समेत विदेश धाउने प्रवृत्ति निरूत्साही बनाउन समेत प्रत्यारोपणको सफलताले महत्वपूर्ण भूमिका खेल्ने निश्चित भएको छ ।

हाम्रो देशमा मिर्गौला प्रत्यारोपणको लामो इतिहास छैन । पाँच वर्ष अगाडिबाट प्रत्यारोपण सुरू भएको भए तापनि आर्थिक कारणले विदेश जान नसक्ने परिवारका व्यक्तिहरूले मात्र स्वदेशमा प्रत्यारोपण गराउने गरेका थिए । प्रधानमन्त्री ओलीले समेत पहिलो पल्टको प्रत्यारोपण भारतमा गराएकोमा दोस्रो प्रत्यारोपण नेपालमै गर्ने दृढ इच्छाशक्ति देखाएर उदाहरणीय कार्यको थालनी गरेका छन् ।

राम्रो कामको सुरूवात माथिबाटै हुनुपर्छ । प्रधानमन्त्री केपी ओली समेत बारम्बार स्वाथ्योपचारका लागि विदेश धाउने गरेकोमा आलोचित हुँदै आएका थिए । सबै ठूला नेताहरू स्वदेशका चिकित्सकहरूको विश्वास नगरी सामान्य बिरामी पर्दा समेत राष्ट्रिय ढिकुटीबाट पैसा निकालेर विदेश जाने गरेका थिए । नेपालकै जेठो अस्पताल वीर अस्प्तालमा भीआईपीको उपचार गर्ने क्याबिन सधैंभरि खाली रहने गरेको समाचार बेलाबेला बाहिर आउने गरेको छ । हाम्रा भीआईपीहरू सकेसम्म विदेश जान नसके विदेशी स्तरकै महँगा निजी अस्पतालहरूमा जाने गरेका छन् । ठूलाबडाहरूले सरकारी अस्पतालमा उपचार गराउने कार्यलाई निरन्तरता दिने हो भने सरकारी अस्पतालमा दिइने सेवा सुविधाको गुणस्तर वृद्धि हुनुका साथै सर्वसाधारणको जनविश्वास पनि बढेर जानेछ ।

नेपालबाट स्वास्थ्योपचारको नाममा मात्र बर्सेनि अर्बौं रूपैयाँ भारत लगायत विश्वका विभिन्न मुलुकमा पुग्ने गरेको छ । क्यान्सर रोगको उपचारको लागि अहिले पनि भारतका अस्पतालहरूमा नेपालीको लाम लाग्ने गरेको छ । क्यान्सर अस्पताल बनेका भए तापनि पर्याप्त उपकरण, औषधि र दक्ष चिकित्सकको अभावमा क्यान्सर पीडितहरू घर खेत बेचेर विदेशमा उपचार गराउन गइरहेका छन् । अंग प्रत्यारोपणमा मिलिरहेको सफलतालाई अझ प्रभावकारी बनाउँदै क्यान्सर अस्पताललाई पनि सक्षम बनाइनुपर्छ । हाम्रो देशले आँखा उपचारमा मारेको फड्कोका कारण छिमेकी मुलुकका बिरामी समेत उपचारका लागि लाम लाग्ने गरेका छन् । नेपालको हावापानी, वातावरण उपयुक्त भएकाले भोलिका दिनमा चिकित्सा क्षेत्रको प्रगतिसँगसँगै मेडिकल टुरिजम प्रबर्द्धन हुने प्रचुर सम्भावना रहेको छ । यसतर्फ समेत बेलैमा ध्यान दिएर योजना बनाउन आवश्यक छ ।

नेपाली जनतालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य उपचार दिनानुदिन महँगो पर्दै गएको प्रति पनि सरकारको दृष्टिपात हुनैपर्छ । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुराहरू राज्यले जिम्मा लिने व्यवस्था भएको खण्डमा अशिक्षित रहने र अकालमै मर्ने क्रम रोकिन्छ । त्यसैगरी स्वास्थ्योपचारका नाममा नेताहरूलाई बर्सेनि राष्ट्रिय ढिकुटीबाट करोडौं बाँड्ने प्रचलन रोकिनुपर्छ । बरू उपचार गराउन नसक्ने नेताहरूको सरकारी अस्पतालमा निःशुल्क उपचार गराउने व्यवस्था मिलाउन आवश्यक छ । नेपीली चिकित्सकहरू अब्बल सावित बन्दै गएको अवस्थामा उनीहरूको पेशागत दक्षता अभिवृद्धिका लागि सरकारले उपयुक्त वातावरण बनाइदिनेतर्फ गम्भीरतापूर्वक ध्यान दिनुपर्छ ।

# "प" लाई व्यवस्थापन गर्न नजान्दा हुने यस्तै हो



**सुरेन्द्र ढकाल**

१) **प्रक्रिया र पारदर्शिता** : प्रजातन्त्र राज्य संचालन गर्ने सबैभन्दा राम्रो व्यवस्था हो किनकी त्यहाँ विधिको शासन हुन्छ । विधिले प्रक्रिया निर्धारण गर्छ । जसले प्रक्रियाभित्र बसेर पारदर्शी भएर काम गर्छ । त्यसले आलोचना र असफलता व्यहोर्नु पर्दैन । सफलता र लोकप्रियताले उसलाई चुमिरहेको हुन्छ ।

२) **परिवारवाद** : प्रजातन्त्रको अर्को गहना भनेको राम्रो जति हाम्रो हुने व्यवस्था हो । तर प्रजातन्त्रमा जब हाम्रो चाहिँ राम्रोले प्राथमिकता पाउँछ, प्रजातन्त्र कमजोर हुन्छ । शासनको कार्य सम्पादन क्षमता पटक्कै हुँदैन । योजनाहरु बेलैमा सम्पन्न हुँदैनन् । शासकहरु मात्रै होइन शासकहरुसँग प्रजातन्त्र नै सती जान्छ ।

३) **पदको दुरुपयोग** : प्रजातन्त्र भनेको देश र जनताको मुहार फेर्ने उत्कृष्ट समाज सेवा हो । यस्तो समाज सेवाले सदाचारिताको माग गर्दछ । सादा जीवनको माग गर्दछ । तर पद जब अनैतिक तरिकाबाट कमाउने भाँडो हुन्छ, भ्रष्टाचार गर्ने साधन बन्छ, त्यसले पनि प्रजातन्त्रको जरा नै उखेल्छ ।

४) **प्रेम वासना** : प्रेम हरेकको जीवनमा महत्वपूर्ण आवश्यकता हो । चाहे महिला होस् वा पुरुष हरेकले प्रेमको चाहना गर्छ । तर शासकीय शक्ति वा पैसाले प्रेम किन्दा वा बेच्दा त्यो वेश्यावृत्ति र वेश्या गमन हुन्छ । त्यो गर्ने जोसुकै होस् त्यसलाई लोकले मान्यता दिँदैन । नेताहरुमा हुने प्रेम वासनाले प्रजातन्त्रलाई दुर्घटनामा परिणत गरिदिन्छ ।


हिजो हामीकहाँ राणा र शाहको शासन थियो । त्यसले 'प' को दुरुपयोग गर्दा त्यो इतिहासमा विलिन भयो । ७ साल अनि ४६ साल त्यसै आएको थिएन । तर विडम्वना, देशले त्यही क्रममा प्रजातन्त्र र गणतन्त्र दुवै ल्यायो तर 'प' लाई ब्यवस्थापन गर्न नजान्दा हिजो राणा र शाहको जुन गति भयो अहिले प्रजातन्त्रका नेता र प्रशासकहरुको त्यही गति हुँदै जाँदा प्रजातन्त्र भड्खारोमा पर्दैछ ।

लोग्ने, बाबु अनि ससुरो राजनीतिमा छाएको कारण स्वास्नी, छोराछोरी बुहारी विना योग्यता सांसद हुँदै मन्त्री, उपप्रधानमन्त्री, राष्ट्रपति बन्न पाउने 'हाम्रो जति राम्रो' हुने व्यवस्थाले गर्दा नेपाली प्रजातन्त्र र गणतन्त्र गनाउने सिनो बनेको छ । प्रजातन्त्रका नेताहरु धमिजा, चेज, लाउडा, वाइडबडी, एनसेल, ३३ किलो सुन, मेलम्ची, ललिता निवास, गोकर्ण, सेक्युरिटी प्रिन्टिङ प्रेस, जन्मदिन केक कटाइ जस्ता भ्रष्टाचार र अनैतिक काण्डहरु मच्चाउँदैछन् पदको दुरुपयोग गर्दै । प्रजातन्त्र र भ्रष्टाचार एक अर्काको परिपुरक बन्न पुगेको छ ।

सामान्य रुघा लाग्दा राज्यको ढुकुटी दोहन गरी विदेशमा उपचार गराउन जाने नेताहरुको लहडले दूरदराजमा रहेका गरिब जनता सिटामोल, जुकाको औषधी नपाई मृत्युवरण गरिरहेका छन् । विद्यालय जाने क्रममा तुइनबाट खसेर ज्यान गुमाउन पर्ला भन्ने त्रासले कलिला बालबालिकालाई सताइरहेको छ । खोइ प्रजातन्त्र त्यहाँनिर पुगेको ? प्रजातन्त्र भनेको त दरिद्र, चप्पले, ख्याउटे नेताहरुको मुहार चिल्लो बनाउने व्यवस्था पो बन्यो त नेपालमा । मन्त्रीको तलबले मन्त्रीको हैसियतमा महिनाभरी राम्ररी खान पुग्दैन तर त्यही मन्त्रीले ६ महिना पनि नबित्दै सातपुस्तालाई पुग्ने सम्पत्ति जोहो गर्छ अनि प्रजातन्त्रमा उसैको सम्मान हुन्छ भने त्यो कहाँको प्रजातन्त्र हो ?

हिजो राणाकालमा राणाहरु गाउँबाट राम्रा राम्रा तरुनीहरु ल्याई दरबारमा राख्थे, पेट बोक्नेबित्तिकै मारेर भऱ्याङमुनि गाड्थे । शाहकालमा युवराज, अधिराजकुमार अनि दरबारका आसेपासेहरु नमिता, सुमिता अनि निराहरुलाई बलात्कार गरी मारेर सेती नदीमा फाल्थे । निर्मला पन्त प्रकरणले त्यो निरन्तरता प्रजातन्त्र अनि गणतन्त्रमा पनि कायम छ भन्ने राम्रै सन्देश दिएको छ । आफूमुनिको महिला कर्मचारीको यौन शोषण गर्न पाउने हाकिमको अधिकारलाई हाम्रो प्रजातन्त्रमा अदालतले नै नजिर बनाइ स्थापित गरिदिएको छ । महरा र रोसनी नेपाली प्रजातन्त्रका त्यस्तै पात्र हुन् । नेपालको प्रजातन्त्र, यसका नेता र प्रशासकहरुले राणा र शाहकालीन अवगुणहरुलाई राम्रैसँग आफूमा आत्मसात गराएका छन । 'प' लाई व्यवस्थापन गर्न नजान्दा हिजो राणा र शाह ढले अब को ढल्दैछ त्यो त भोलिले राम्रै बताउला । नेताहरुलाई जुत्ता मात्रै होइन, आत्मघाती बमको प्रहार हुने दिन नआउला भन्न सकिन्न । 'प' लाई व्यवस्थापन गर्न नजान्दा हुने कुरा भनेको यस्तै हो ।

# हाम्री आमा भन्नु नेपालकै माटो हो



**जगदीश लामिछाने**
रौतहट, पौराई

लंकाका घरहरु सुनैसुनले बनेको भए पनि भगवान रामले आफ्नी आमा र जन्मभूमि प्यारो लागेको जवाफ लक्ष्मणलाई दिनुभएको थियो । हाम्रो देश राजा मानदेवको हो, अंशुबर्माको हो, पृथ्वीनारायण शाहको र राजकुमार बहादुर शाह समेतको हो । लाखौंलाख गोरक्ष जातिले विदेशमा र स्वदेशमै पनि आवश्यक रगत र पसिना सिञ्चन गरी रक्षा गरिएको हो । यो नेपालको झन्डा उँचो राख्न विदेश फकल्यान्डमा रगत बगाएनन् कि ? छिमेकीकै लागि पनि गोर्खा फौजले रगत दिएको र पसिना चुहाएको नेपालकै लागि हो । बहादुर अंग्रेज तथा तिब्बत चीनसित नेपालतर्फबाट लड्नु सामान्य कुरा हो । अहिले यही नेपालको माटोको राष्ट्रियता आज फुट र गुटगुटमा विदेशीहरुले पारेको हामीले होस गर्न सकेनौं । त्यसैले हामी जीवन र मरणको दोसाँधमा पर्न आएकोमा होस् गर्न ढिला भइसकेको छ । नेपालीहरु नै गोर्खाली भएर हुन्छ कि नेपाली भएर हुन्छ मर्न नडराउने सर्वसाधारण छन् । एउटा जाबो कुरामा पनि यो यो हो यो होइन भनी विद्वान्हरुमा पनि दोहोरो विचार आउँछ के यो महेन्द्र अथवा त्रिभुवनकै मात्र देश हो कि देशको माटो सार्वभौमिक हो ? अब विचार नगरी नहुने भयो । प्रसंग नयाँ पत्रिका २०७० फागुन १६ र २४ मा क्रमशः रा.प्र.उ. पोखरेल र अरबिन्द रिमालका स्मृतिपत्र तुहाउने को हो ? भन्ने विषयबाट सुरु गरौं ।

यस्ता खतरनाक स्मृतिपत्र र कारबाही कति भए ? त्योतर्फ गएर अब साध्य हुने भएन, यो लेखक उक्त दुवै विद्वानका विचारलाई आदर गर्दछ । श्री ५ त्रिभुवनले प्रजातन्त्र पोल्टामा हालेर फागुन ७ गते ल्याएकै हुन् । टंकप्रसाद आचार्य जिउँदा सहिद पनि हुन् र उनैको दल प्रजा परिषद्का १९९७ सालका ४ सहिद पनि हुन् भन्ने छर्लंग नै छ । बरु ती ४ सहिदको सालिक भएको सहिद ढोका (सहिद गेट) मा केही वर्षदेखि २०७० सम्म सहिद दिवस प्रशासनले किन मनाएन भने त्यहाँ त्रिभुवनलाई दोधारमा पारिएर होला । के हामी यसै गरी देशको आफ्नो माटो नेपालको राष्ट्रियतामा छलफल गर्न मिल्छ ? भन्न खोजिएको हो । अब दुई थरी अर्थात् सरकार र जनता न होऔं बरु एउटै आवाज सरकार तथा जनताको होस् अनि मात्र २००७ सालतिरको तिक्तता पन्छन्छ नत्र बारम्बार नेपाली जनताले यस्तै दुःख पाउने क्रमभंग हुँदैन । यस विषयमा नेपाल सरकार के ठान्छ जवाफ एकमतले खोजौं । २००७ सालभन्दा पछि यो देशको माया ज्यादै बढेको छ । यो कुरामा वर्तमान सरकार पनि सचेत हुन आवश्यक छ । माथिका दुई विद्वान जस्ता विद्वान्हरुले सहमति नगरे हामी झन् दुःख पाउँछौं भन्ने मात्र हो । नेपाल सरकारमा रहने दलहरुको संयुक्त सोचाइ के छ ? के टनकपुर भारतको हो भनेर समस्या सुल्झन्छ कि बल्झन्छ ? देशका पिलर बारम्बार सर्दा र हराउँदा सरकार के भन्छ ?


केही वर्षअगाडिकै कुरा हो । बिरालो कालो वा सेतो जस्तो भए पनि मुसा मार्नुपर्छ भनी छिमेकी देशका माउत्सेतुङका विचारले चीनको कायापलट भएको छ । यता दक्षिणतिर महात्मा गान्धीले विश्वयुद्धमा अलमलिएको बेला समेत पारेर भारतबाट अंग्रेज हटाउनुभयो र भारतमा उन्नति भएको छ । यसरी उनीहरु दुवै आआफ्नो देशका निर्माणकर्ता भए । खोई नेपालमा त्यस्तो भावना आएको ? अहिले त रोटी र बेटीको कुराले न्यायसम्मत पुराना नेपाली सिमाना र खम्बा हराउँदा ती पिलरहरु बत्ती बालेर छिमेकतिर खोज्न जाने हामी कति बुद्धिमान र कति कातर गोर्खाली ? यो प्रश्नचाहिँ सम्पूर्ण नेपाली मात्रलाई सोध्न मन लागेको छ । किनभने रोटी बेटी त सम्पूर्ण विश्वमै नेपालीको छँदैछ युरोप अमेरिका र एसिया कुन देशमा छैन र ? रोटी बेटीकै नाताले संसारमा एउटै देश नहुने कैयौं देश छन् ती सबैको आफ्नो माटो छुट्टै छ छैन ? यो प्रश्न पनि नेपाली मात्रलाई छ । हामी त घरमै गाउँमै छिरेर पराइले स्कुल धारो र पिँढी बनाई दिँदा अंग्रेज बाबु र भारतीय भैयाप्रति रगतका आँसु चुहाएर धन्यवाद दिन मस्त छौं । भोलि अफगानिस्तान र पाकिस्तान हुन परे तयार छौं कि छैनौं ? फेरि हामी यही देशका काँतर गोर्खालीलाई सोध्न मन लागेको छ भारतीय एसडी मुनिलाई सोध्नु कुनै अर्थ हुँदैन । अब जवाफ नेपाल सरकारले दिनुपर्छ । दिन तयार छ छैन ?

अहिले यहाँ नेपालमाथि अत्यन्त कठिन धार्मिक र सामाजिक हमला भइरहेको छ । राजनीतिक हमला हुने दाउ प्रस्ट भइसकेको छ । यहाँ संसारका केही विदेशी शक्तिहरुबाट हामी नेपालीलाई छानी छानी टुक्र्याउन खोज्नेविरुद्ध टुक्रिएर होइन, एक भएर आफ्नी आमा अर्थात् नेपालको माटो खोज्न पर्ने भएको छ । मरेका त्रिभुवन, महेन्द्र, पृथ्वीनारायण, बहादुर शाह र भीमसेन थापालाई पनि गाली नगरौं । कहिले देश जोगाएँ भन्दै २००७ सालतिर भारत गएर आउने बित्तिकै गोरखापत्रमा छपाउने कहिले उतै गएर बस्ने मोहनशमशेर होउन् अथवा भारतभक्त कहिले, कहिले नेपालवादी विश्वेश्वर तथा डिल्लीरमण मन्त्रीकै पनि दोष नखोतलौं । यी सबैलाई उनका गुण छन् भने लिएर बैगुणको चर्चा पनि नगरेर बसौं । यति गरेनौं भने हामी एक्लिन बेर छैन । हामी सबै मिलेर पुराना न्यायसम्मत हराएका नेपालका पिलर, खम्बा, सिमाना खोजौं यही मात्र हाम्रो कर्तव्य छ ।

अन्त्यमा प्रा.डा.सुरेन्द्र केसी, बुद्धिनारायण श्रेष्ठको सीमा संग्राम किताबमा जस्तो 'नेपाललाई कुनै एक देशतर्फ गाभ्ने ?' भन्ने प्रश्न तपाईंको कलमले अब कहिल्यै नलेखोस् । सीमाविद् बुद्धिनारायण श्रेष्ठको सत्प्रयास सफल होस् । हामी एक भई प्रा.डा. सुरेन्द्र केसीज्यूकै शब्दमा 'सिंगो बौद्धिक वर्ग एक भएर' हाम्रा सबै सिमानाका खम्बाहरु खोज्न अबेर भइसक्यो । हाम्रै छिमेकी भारतले भनेझैँ एक स्वरले नेपाल आमाको माटो अत्यधिक जनताले र राजनीतिक दलहरुले समेत सबै मिलेर खोजौं, विवाद नगरौं अबेर नगरौं, अफगानिस्तान र पाकिस्तानको नियति नरोजौं । सीमा हराए हामी अवश्य मर्नेछौं कुनै पनि राजा महाराजा तथा नेता उपनेताले यो देशको माटो र सिमाना अरु कसैलाई दिएर दिइँदैन, लिएर यो संसारमा अब लिइँदैन पनि । आफ्नो इज्जत हुने देशले बुद्धिमानीपूर्वक अर्काको देश लिँदैन पनि । यो ध्रुवसत्य छ, फेरि एकपटक भनौं ।

*अपि स्वर्णमयी लंका न मे लक्ष्मण रोचते*
*जननी जन्मभूमिश्च स्वर्गादपि गरियसि ।*

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-२



**सुदर्शन प्रधान**

प्राचिन र मध्यकालका यस्ता घट्नाहरु सयौं र हजारौं छन् । हाम्रा पूर्खाहरु भारती राजा महाराजा, सेना र सन्त महन्त, विद्धान भन्नेहरुका आक्रमणले कति मरे, कती प्रताडित बने, आंतकित र कोलाहल बने हामी कल्पना मात्र गर्न सक्छौं । आधुनिक कालमा भारतलाई उपनिवेश बनाउने अंग्रेजले षड्यन्त्र गरेर र राजा राजेन्द्र विक्रम शाहका कमजोरीहरु पत्ता लगाएर एक्कै पटक ठूलो युद्ध थोपर्यो । अनी सुगौली सन्धी मार्फत सन् १८१६ मा पूर्वको टिस्टा, पश्चिमको कांगडा र दक्षिणको गंगा नदीसम्म फैलिएको झण्डै ५० हजार वर्ग कि.मी. भूभाग कब्जा गर्यो । सन् १९४७ मा भारत, अंग्रेजले छोडेर फिर्ता भएपछि नेपालको भूभाग फिर्ता गर्न पर्नेमा उल्टो मेची देखि महाकाली सम्मका ६२ फरक फरक स्थानहरुमा झण्डै ६० हजार हेक्टर भूमी भारतले कब्जा गरेको छ ।

*(सीमाविद् बुद्धिनारायण श्रेष्ठ)*

भर्खर भारतले छापेको कालापानी, लिम्पीयाधुरा क्षेत्रको नक्सा अनुसार त एकै ठाउँमा ३७२ वर्ग कि.मी. भूभाग र ति स्थानहरुमा सैन्य क्याम्प पनि भारतले खडा गरेको छ ।

**२. नेपालको राजनीतिमा भारतको प्रभाव र पकड**

सन् १९१७ मा सोभीयत रुसमा अक्टोवर क्रान्ति सम्पन्न भएपछि क्रान्तिका सर्वोच्च नेतृत्व लेनिन, स्टालिनहरुले घोषणा गर्दै भने "साम्राज्यवादी जारशाही कालमा अतिक्रमण गरिएका चीनका पश्चीमी सिनझियाङ प्रान्तका भूभागहरु आज हामीले चिनलाई फिर्ता गरेको सार्वजनिक गर्दछौं......।" भनेर महानता र उदारता प्रदर्शन गरेका थिए । तर सोही भूभागमा सन् १९६९-०७० तिर कम्युनिष्टको खास्टो ओढेको भनौं नयाँ जारको प्रतिनिधि, सामाजिक साम्राज्यवादी ब्रेजनेभ कालमा सैन्यहरु उतारेर उत्तेजक गतिविधिहरु गर्यो । तर चिनीया जनमुक्ति सेनाले रुसी सेनाहरुलाई घेराहाली विनाश मच्चाई दिएपछि मस्कोको क्रेमलिन प्राशादमा बस्ने ब्रेजनेभहरु स्तब्ध भएका थिए र आक्रमण गर्न रोकेका थिए ।

वि.सं. २००७ सालमा दिल्ली दरवारको रोहवरमा नेपालका राजा त्रिभुवन, राणाहरु र कांग्रेसको त्रिपक्षीय सम्झौता भयो र जनताले गरेको राष्ट्रव्यापी राणशाहीको हुकुमी शासन विरुद्धको क्रान्ती तुहिनपुगेको हो । यसवारे यहाँको कम्युनिष्ट पार्टीले दिल्ली सम्झौता धोखा हो भनेर निरन्तर संघर्षहरु गर्दै आयो । यसको विरुद्धमा वि.पी.ले २००८-०९ सालतिर एक प्रसंगमा भने "....नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता पाउनु हुन्न् । नेपाल स्वतन्त्र देश हैन, यो त भारतको एक प्रशासनिक ईकाईमात्र हो ।" *(नेपालको राजनैतिक दर्पण, लेखक-गृष्म बा. देवकोटा)*

त्यसैताका नेपाली कांग्रेसका अर्का वरिष्ठ नेता गणेशमान सींं श्रेष्ठले पनि भने "कुनै विहान नेपाललाई चीनले निलीसकेको हुनेछ, चीनले निल्नु अघि नेपाललाई भारतले कब्जा गर्न पर्छ ।"

*(नेपालको राजनैतिक दर्पण, लेखक-गृष्म बा. देवकोटा) (क्रमशः)*

# मैले देखेको १३३ औं आश्चर्य

# हङकङ-कोलुन जोडने समुद्रमुनिको सुरुङ मार्ग (टनेल)

सुरेन्द्र ढकाल




टनेलको भित्री भाग




समुद्रमुनिको टनेलको नक्सा




टनेलभित्र पस्न लामबद्ध गाडीहरू




सुरुङ प्रवेश यस्तो देखिन्छ

वागियोको अनुगमन सेमिनार सम्पन्न गरी हामी एसिया प्रशान्त क्षेत्रका जर्मन प्रशासनिक विज्ञान विश्वविद्यालयका आलुम्नीहरु हवाइजहाजबाट पुनः मनिला फर्क्यौं । त्यहाँ हाम्रो सेमिनारको समापन कार्यक्रम बिहानै राखिएको थियो । कार्यक्रम सकी लन्च गरी हामी आआफ्नो स्वदेश फिर्तीको तयारीमा लाग्यौं । हामी नेपाली र फिलिपिनी विद्यार्थीहरुलाई भने त्यस दिन सार्वजनिक प्रशासनसम्वन्धी पूर्वी क्षेत्रीय संगठन (EROPA) का महासचिव फिलिपिन्सका राउल पीडी गुजमानले हाम्रो होटल नजिकैको रष्टुराँमा हामीलाइ लन्च गर्ने गरी निम्ता गर्नुभएको थियो ।

हामी होटलको नियमित लन्च नगरी अनुगमन सेमिनारको समापन कार्यक्रमपश्चात त्यता लाग्यौं । नेपाल (EROPA) को सदस्य भएको र सन १९८९ मा नेपालले (EROPA) को सम्मेलन काठमाडौंमा गरेको कारण हामीलाई लन्चको लागि बोलाइएको रहेछ भन्ने थाहा भयो । लन्चकै क्रममा हामीले सार्वजनिक प्रशासनको क्षेत्रमा क्षेत्रीय स्तरमा अध्ययन अनुसन्धान गर्न सके एक अर्को देशबाट सिक्न सकिने कुराहरुको छलफल गरी करिब दुई घण्टा बिताइ हामी होटल फर्क्यौं र भोलिपल्ट हुने हाम्रो प्रस्थानको तैयारीमा लाग्यो ।

भोलिपल्ट बिहानै ८ बजे हाम्रो उडान मनिलाबाट हङकङ हुँदै काठमाडौं पुग्ने तय भएको थियो । बिहान साढे दश बज्दा हामी हङकङ विमानस्थल ओर्लिसकेका थियौं । त्यहाँ हामी काठमाडौंको लागि ६ घण्टा ट्रान्जिटमा कुनुपर्ने कारण हामीले एक दिने भिसा एअरपोर्टमै लिएर हङकङ सहर घुम्ने निर्णय गरी एअरपोर्टबाट ट्याक्सी लिई हामी सहरतिर लाग्यौं । हामी हङकङ सहर पुग्यौं । एअरपोर्ट चाहिँ कोलुन टापुमा रहेछ । कोलुनबाट हङकङ जान समुद्रमुनिको टनेलबाट जानुपर्ने रहेछ भन्ने हामीलाई थाहा भयो र जिन्दगीमा पहिलो पटक समद्रमुनिको टनेलको अनुभव गर्न पाइएकोमा मैले आफूलाई निकै भाग्यमानी ठानेँ ।

### समुद्रमुनिको सुरुङ मार्ग (टनेल)

हामी एअरपोर्टबाट ट्याक्सीमा टनेलतर्फ लाग्यौं । टनेल पस्नुअघि हरेक ट्याक्सीले हरेक पटक टनेलमा छिर्दा १० हङकङ डलर बुझाउनु पर्दोरहेछ । त्यसमध्ये ५ डलर हङकङ सरकारको खातामा र ५ डलर टनेल बनाउने कम्पनीले पाउँछ रे भनेर ट्याक्सी चालकले हामीलाई बतायो । क्रस हार्वर भनिने यो टनेल पुरै स्टिल धातुको ट्युबबाट बनेको रहेछ । आवतजावतको लागि दुई फरक लेन रहेछन् । यो टनेल निर्माणको अवधारणा सन् १९६५ मै बनेको भए तापनि निर्माणको शुरुवात सन् १९६९ मा भई क्रस हार्वर टनेल कम्पनीले सन् १९७२ को अगस्टमा निर्माण सम्पन्न गरेको रहेछ । निर्माण कम्पनीले Build Operate Transfer", or "BOT", सिद्धान्तअनुरुप ३० वर्षसम्म सञ्चालन गरी आफ्नो लगानी उठाइ त्यसपश्चात टनेलको स्वामित्व हङकङ सरकारलाई दिनुपर्ने शर्तमा दुई पक्षबीच यस टनेल निर्माणको सम्झौता भएको रहेछ । यद्यपि निर्माण कम्पनीको ८० र हङकङ सरकारको २० प्रतिशत गरी लगानी रकम तय गरिएको रहेछ । निर्माणको प्राविधिक पक्षको जिम्मा बेलायतको Scott Wilson Kirkpatrick & Partners ले पाएको रहेछ ।

हरेक दिन यस टनेलबाट झण्डै १ लाख १७ हजार गाडीहरु आवतजावत गर्नाले संसारका सबै टनेलभन्दा यो टनेल अति ब्यस्त मानिँदो रहेछ । टनेल लगानी गर्ने कम्पनीले टनेल संचालनको साढे ३ वर्षमा नै आफ्नो लगानी उठाएको रहेछ । झण्डै २ किलोमिटर लामो यस टनेलले प्रवेश शुल्कबाट प्रतिवर्ष ७०० मिलियन (७० करोड) हङकङ डलर उठाउँदो रहेछ । मुख्य भूमि चीनको दक्षिणी समुद्रको किनारमा अवस्थित हङकङ टापुको जनसंख्या सात लाख रहेछ ।

एउटै टापुमा यति धेरै जनसंख्या हुनुको कारणले गर्दा पनि हङकङ विश्वविख्यात बन्न पुगेको रहेछ । त्यहाँको इतिहास अध्ययन गर्दा पाषाण युगदेखि नै हङकङमा मानव बस्ती बसेको पाइँदोरहेछ । मुख्य भूमिबाट हान चिनियाँ जातिहरु यहाँ आइ बसोबास गरेका रहेछन् ।

सुरु सुरुमा माझी समुदायको बस्तीको मात्रै बाहुल्यता भएको यस टापुमा १५ औं शताब्दिसम्म आइपुग्दा हङकङ विश्वविख्यात समुद्री मार्ग खोजकर्ताहरुको गन्तब्य बनिसकेको रहेछ । पछि गएर चीनबाट चिया र रेशमको युरोपतर्फ हुने सबै निर्याातहरु हङकङबाट हुन सुरु भएपछि यहाँको आर्थिक विकासले छलाङ मारेको रहेछ ।

पछि बेलायतीहरुले चीनमा अफिम पुऱ्याउने कार्यको लागि यही टापुलाई प्रयोग गरेका रहेछन । तर चीन सरकारले अफिम आयातमा प्रतिवन्ध लगाएकै कारण चीन र बेलायतबीच अफिम युद्ध भएको र त्यसमा चीनको हार भएको कारण हङकङलाई बेलायतीहरुले आफ्नो अधिनमा लिएका रहेछन् र चीनको औ पनिवेशीकरण हङकङबाटै सुरु भएको रहेछ । तत्पश्चात् सस्तो श्रमको कारण यहाँको सुती कपडा र अन्य उद्योगहरुमा विदेशी लगानीको खोलो बग्न थालेपछि हङकङको आर्थिक विकासले विश्वलाई नै चकित पारेको रहेछ । औद्योगिक विकाशको कारण यहाँ रेल यातायात र टनेल प्रविधिको आम विकास हुन पुगेको रहेछ ।

कोलुनबाट टनेल पार गरी हामी हङकङ शहरको मुटुमा पुग्यौं । केही साथीहरु किनमेल गर्नतर्फ लागे । म चाहिँ आफ्नो क्यामेरामा हङकङ सहरको सुन्दर तस्बिरहरु कैद गर्न थालेँ । करिब ३ घण्टा हङकङ सहर घुमी सोही टनेलबाट कोलुन फर्की बेलुकी ५ बजेको प्लेनबाट हामी काठमाडौं फर्क्यौं ।





हङकङमा सुरेन्द्र सन् १९९३ मा



एरोपाका महासचिव गुजमानसँगको दिवाभोजमा सुरेन्द्र सन् १९९३ मा

# ३२. नेपाली कम्युनिस्ट आन्दोलनको एकीकरण निम्ति न्युक्लियको गठन-२




■ शम्भुराम श्रेष्ठ

न्युक्लियसमा उठेको एउटा प्रमुख मतभेद र वादविवादको विषय थियो, हामीले भारतका सीपीआइ, सीपीआई (मार्क्सवादी) र सीपीआई (मार्क्सवादी लेनिनवादी) अर्थात् (नक्सालवादी) मध्ये सबैसँग कि कुनै एक अथवा दुईसँग मात्रै भाइचारा सम्बन्ध राख्ने भन्ने विषयमा मोहनविक्रमले सीपीआई (नक्सालवादी) मात्रै सच्चा कम्युनिस्ट पार्टी भएकाले त्योसँग मात्रै हामीले भाइचारा सम्बन्ध राख्नुपर्छ भन्ने तर्क अघि सारेर त्यसको पक्षमा निर्मल लामा र भरतमोहन अधिकारीहरु उभिए । मनमोहन अधिकारीले केही बोलेनन् । मोहनविक्रमको तर्कको खण्डन गर्दै मैले भने 'भारतका ती कम्युनिस्ट समूहहरुमध्ये कुनचाहिँ सही छ र कुन चाहिँ सही छैन भनेर फैसला गर्ने न्यायाधीश हामी होइनौं । त्यो त भारतको जनक्रान्तिका व्यवहारद्वारा निर्धारित हुने कुरा हो । मार्क्सवाद लेनिनवादलाई निर्देशक सिद्धान्त मान्ने सबैसँग हामी भाइचारा सम्बन्ध राख्न चाहन्छौं । जहाँसम्म नक्सालवादी कम्युनिस्ट पार्टीसँग मात्र हामीले भाइचारा सम्बन्ध राख्नुपर्छ भन्ने तर्कको सम्बन्ध छ, हामीहरु जेलमा छँदा नक्सालवादी पार्टीले व्यक्ति हत्या र व्यक्ति आतंकवादलाई आफ्नो नीति बनाएको छ भन्ने कुरा अखबारहरुमा पढेका थियौं र अहिलेसम्म पनि तिनीहरुका आधिकारिक दस्तावेजहरु पढ्न पाएका छैनौं । यदि नक्सालवादी कम्युनिस्ट समूहले उपरोक्त नीति अपनाएको हो भने त्यसो गरेर तिनीहरुले कामरेड लेनिनले प्रतिपादन गर्नुभएको नीतिसम्बन्धी मूल सिद्धान्तको ठाडै उल्लंघन गरेका हुन् भनी हामीले भन्नैपर्छ । कारण हामी सबैले पढेको र जानेकै कुरा हो कि कामरेड लेनिनले व्यक्ति हत्या र व्यक्ति आतंकवाद विरुद्ध संघर्ष गरेर रुसमा बोल्सेभिक पार्टी निर्माण गर्नुभएको थियो। त्यसकारण म का. मोहनविक्रमसँग भारतको नक्सालवादी कम्युनिस्ट समूहको उपरोक्त आधिकारिक दस्तावेज यस बैठकमा प्रस्तुत गर्न माग गर्दछु र साथै उक्त दस्तावेज प्रस्तुत नभएसम्म यस विषयसम्बन्धी छलफललाई थाँती राख्न पनि माग गर्दछु भन्ने प्रस्ताव राखेँ र त्यसको कसैले विरोध गरेन अथवा भनौं विरोध गर्ने आँट गरेन । यो सबै कुरा माइन्युट बुकमा लेखियो, जसलाई राख्ने जिम्मा निर्मल लामालाई दिइएको थियो। तर निर्मल लामा स्वयंले यो विषयसम्बन्धी माइन्युट लेखिएको पृष्ठलाई नै च्यातेर मुखमा हाली निलिदियो। यो कस्तो लाजमर्दो बेइमानी कुरा थियो । हुन त भारतको कुनचाहिँ कम्युनिस्ट पार्टी वा समूहसँग हामीले भाइचारा सम्बन्ध राख्ने र कुनसँग राख्नु हुँदैन भन्ने कुरालाई छलफलको विषय बनाउनुपर्ने नै होइन र पनि विषय बन्न गयो, तर पनि बन्न जानुको कारण भने अवश्यै थियो। त्यसबारे मैले स्पष्टीकरण दिनैपर्छ जो यस प्रकार छ :

एकदिन म आफ्नो घरको बैठक कोठामा बसेर अखबारहरु पढ्दै थिए । अकस्मात भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को बंगाल प्रान्तीय कमिटीका सदस्य एवं दार्जिलिङ जिल्ला कमिटीको सचिव रत्नलाल ब्राह्मण - माहिला बाजे) टुप्लुक्क कोठाभित्र पस्नुभयो । उहाँलाई देख्नेबित्तिकै आश्चर्य मान्दै मैले उहाँसँग 'कहिले र के कति कामले काठमाडौं आउनुभयो सोधेँ । उहाँले भन्नुभयो- आज बिहान मात्रै म काठमाडौं आइपुगेको हुँ, अहिले त्रिपुरेश्वरस्थित ब्लु स्टार होटलमा बसेको छु। भोलि नै फर्कने विचार छ। म आफ्नो निजी कामले आएको होइन । पार्टीको पोलिटब्युरोले तपाईं र मनमोहनजी जेलबाट छुटेको थाहा पाएर तपाईंहरु दुवै जनालाई कलकत्ता बोलाएको छु (त्यस समय सीपीआई (मार्क्सवादी) केन्द्रीय कार्यालय कलकत्तामै थियो) । त्यही सन्देश लिएर म यहाँ आएको हुँ । मैले मनमोहनजीसँग भेटेको छैन । म यहाँबाट विराटनगर जान्छु र उनलाई पनि यही सन्देश दिन्छु । कलकत्ता आउँदा तपाईं र मनमोहनजी सँगसँगै आउनुपर्छ भनेको छ र त्यसैले कहिले कलकत्ता पुग्ने हो त्यसको खबर अगावै कलकत्ता पार्टी कार्यालयमा पठाउनु होला । 'हुन्छ, हामीलाई सम्भव भएसम्म चाँडो कलकत्ता पुग्नेछौं र त्यसबारे अगावै खबर पठाउने छौं ।' भनी मैले जवाफ दिएँ । उहाँले भन्नुभयो- 'म विराटनगर भएर पहिले आफ्नो गृहजिल्ला दार्जिलिङ जान्छु र २-३ दिन त्यहाँ बसेर कलकत्ता जान्छु ।' भनी भन्नुभयो । त्यस समय हामीकहाँ (अर्थात नेपालमा) प्राइभेट टेलिफोन व्यवस्था नभएको र आकाशवाणीबाट कहिले र कहाँ भेटेर कलकत्ता जाने भन्नेबारे कुरा मिलाउन मनमोहनजीसँग सबै कुरा गर्न नमिल्ने भएकाले मैले एक जना कुरियर पठाउने व्यवस्था गर्नुपरेको थियो । ठीक त्यही समय मोहनविक्रम प्युठानबाट काठमाडैं आए । उनले मकहाँ आएर 'मैले अहिल्यै एउटा जरुरी निजी कामले विराटनगर जानुपर्ने भयो । उता कुनै खबर पठाउनु पर्नेछ भने मैले पुर्‍याइदिउँला' भनी भनेँ । मैले उनलाई दार्जिलिङका माहिला बाजेले ल्याएको सन्देशबारे सबै कुरा भनेँ र 'मनमोहनजीलाई त्यसबारे सबै कुरा भनेर चाँडोभन्दा चाँडो यहाँ काठमाडौं आउन भनिदिनोस् ।' भनी भने । 'हुन्छ, म तपाइँले भन्नुभएको सबै कुरा मनमोहनजीलाई भनिदिन्छु ।' भनेर उनी विराटनगर गए। तर उनलाई हामीहरुले सीपीआई (मार्क्सवादी) को नेतृत्वसँग भेट्न जान लागेको कुरा मन परेको रहेनछ। तर उनले विराटनगरमा मनमोहनजीसँग भेट हुँदा पनि मैले भनी पठाएको कुरा उनलाई भन्दिएनन् । 'न्युक्लियस' को बैठकमा यो कुरा खुलेपछि माथि उल्लिखित विवाद हुन गएको हो ।

सीपीआई (मार्क्सवादी लेनिनवादी) अर्थात् भारतको नक्सालवादी कम्युनिस्ट समूहसँग मात्र हामीले आफ्नो भाइचारा सम्बन्ध राख्नुपर्छ किनकि त्यो मात्रै सच्चा कम्युनिस्ट पार्टी हो भन्ने मोहनविक्रमहरुको प्रस्तावलाई हाल थाँती राख्ने निर्णय भएपछि मैले निम्नबमोजिमको एउटा प्रस्ताव राखेँ ।

जनसंघर्षलाई अरु बढाउँदै विस्तार गर्दै लैजानका लागि हामीहरुले देशको मौजुदा राजनीतिक स्थितिलाई ध्यानमा राखेर बीचबीचमा पार्टीको न्यूनतम, अर्थात् जनवादी कार्यक्रमभन्दा मुनिको तत्कालीन स्थिति सुहाउँदो अल्पकालीन कार्यक्रम पनि राख्नुपर्ने महसुस भएकाले त्यस विषयलाई पनि छलफलको विषय सूचीमा समावेश गरियोस् भन्ने प्रस्ताव राखेँ । त्यसबारे कसैले असहमति जनाएन र त्यसैले त्यो स्वतः विषयसूचीमा समावेश भयो । तर त्यो कार्यक्रम वास्तवमा के कस्तो हो भन्ने बारेमा मैले विल्कुलै प्रस्ट गरेको थिइन, न त कसैले त्यसबारे कुनै प्रश्न नै गरे। त्यस प्रस्तावबारे छलफल र निर्णय हुनुभन्दा अगाडि नै माओत्सेतुङ विचार र जनवादी चीनबारेको मतभिन्नताले गर्दा मैले न्युक्लियसबाट राजीनामा दिनुपर्ने अवस्था आयो र मैले राजीनामा दिएँ पनि। उपरोक्त मतभिन्नताबारे म तल विस्तारपूर्वक उल्लेख गर्छु।

स्वास्थ्य

## फर्सीका अनेकौं फाइदा



तरकारीको रुपमा प्रयोग हुने विभिन्न तरकारीहरू मध्ये फर्सी पनि एक निकै उपयोगी तरकारी हो। फर्सी स्वास्थ्यका दृष्टिकोणले पनि निकै फाइदाजनक मानिन्छ। फर्सीमा भिटामिनको मात्रा निकै बढी पाइन्छ भने अन्य पौसष्टक पदार्थ पनि उत्तिकै पाइन्छ ।

फर्सी बिशेष गरी तरकारी पकाउन तथा सलाद बनाउन प्रयोग गरिन्छ । यसमा प्रशस्त मात्रामा भिटामिन ए, फलाम, फाइबर लगायत बिभिन्न पौष्टिक तत्वहरु पाउन सकिन्छ। यसको नियमित सेवनले शरीरलाई स्वस्थ राख्नमा लाभदायी हुन्छ। यसमा पाइने पौष्टिक तत्व र यसका फाइदाहरू यस्ता छन् :

१. २५० ग्राम फर्सीमा मात्र ४९ क्यालोरी पाइन्छ। फर्सीमा कार्बोहाइड्रेटको मात्रा निकै कम हुन्छ भने यसले शरीरमा रहेको कोलस्ट्रोलको मात्रालाई समेत कम गर्ने काममा मद्दत पुग्छ।

२. फाइबर, भिटामिन ए, सी र ई तथा अन्य पौष्टिक पदार्थ पनि यसमा पाइन्छ। जसले हाम्रो स्मरण क्षमताको विकास गर्नुका साथै रेडिकलहरू लड्नका लागी समेत मद्दत गर्छ।

३. पहेंलो भएर पाकेको फर्सी झन् फाइदाजनक हुन्छ। यसमा हुने बेटा क्यारोटिन, एन्टिअक्सिडेन्टले हाम्रो शरीरमा क्यान्सरको सम्भावनालाई समेत कम गर्छ भने मुटु रोगमा समेत फाइदा गर्छ।

४. फर्सीको बियाँ पनि उत्तिकै फाइदा जनक हुन्छ, यसको बियाँबाट मनग्गे मात्रामा प्रोटिन, भिटामिन, फ्याटि एसिडहरू पाइन्छ। यसले शरीरमा चाहिने पौष्टिक पदार्थको आवश्यकतालाई पुरा गर्न समेत मद्दत गर्छ।

५. यसको बियाँमा पाइने म्याग्नेसियम, पोटासियम, जिन्कले शरीरलाई स्वस्थ, स्मरण शक्तिको विकास, हाडलाई बलियो बनाउन समेत मद्दत गर्छ।

६. फर्सीले कार्डियोभास्कुलर रोगहरूमा समेत फाइदा पुर्याउँछ भने तनावलाई समेत कम गर्न मद्दत गर्छ।

फर्सीको मुन्टा खानुका अपत्यारिला फइदा

तपाइँ साग कतिको खानु हुन्छ र तपाइँलाई कुन साग सबैभन्दा बढी मन पर्छ ? हुन त बजारमा वा तपाइँको करेसाबारीमा विभिन्न प्रजातीका सागहरु सजिलै पाउन सकिन्छ। तर, तपाइँले प्रयोग गर्ने सागहरुको प्रजातिमध्ये एक हो फर्सीको मुन्टा वा भनौँ फर्सीको पातको साग।

उसो त फर्सी पनि खानु हाम्रो स्वास्थ्यको लागि निकै नै लाभकारी हो। तर, फर्सीको पात वा मुन्टा खानाले हामी विभिन्न रोगबाट जोगिन सक्छौ। फर्सीको पातको साग वा फर्सीको मुन्टा खानुको फाइदाबारे सबैलाई थाहा नहुन सक्छ। त्यसैले आज हामी तपाइँलाई फर्सीको मुन्टाको साग खानुको फाइदाबारे जानकारी दिन चाहन्छौ।

फर्सीको साग विभिन्न पौष्टिक तत्वले भरिएको हुन्छ। फर्सीको साग भिटामिन ई, सी, ए, बी ६, पोटासियम, फोलिक एसिड, क्याल्सियम, कपर, प्रोटिन, म्याग्नेसियम, आइरन, फाइबर, फस्फोरस जस्ता खनिज पदार्थको राम्रो स्रोत हो। हामीलाई स्वस्थ रहन का लागि शरीरमा यि सबै तत्वको आवश्यकता पर्दछ।

युएसडीए नेशनल न्युट्रियन्ट्स अध्ययन अनुसार फर्सीको पातमा यति धेरै गुणहरू हुन्छ कि तपाइँलाई खतरनाक रोगबाट जोगिन मद्दत गर्छ। फर्सीको पातलाई आफ्नो नियमित भोजनमा समावेश गरेर तपाइँ उच्च रक्तचाप, कोलेस्ट्रोल, क्यान्सर जस्ता खतरनाक रोगबाट सुरक्षित रहन सक्नु हुनेछ।

## भुटेको मकै धेरै लाभदायी



प्रायः मानिसहरूलाई भुटेको मकै मन पर्छ। खाजाका रूपमा खाइने भुटेको मकैले मानव स्वास्थ्यमा विशेष फाइदा पुर्याउने गर्छ। यसमा फाइबरको मात्रा अधिक हुन्छ। जसका कारण पाचन प्रणालीमा सुधार गर्छ।

भुटेको मकै खाने मानिसलाई एसिडिटी र कब्जियतको कहिल्यै समस्या हुँदैन। भुटेको मकैमा आइरन, कपर, र फस्फोरस र म्याग्नेसियमको मात्रा पर्याप्त हुने भएकोले शरीरमा हड्डीलाई मजबुत बनाउँछ।

यसमा आइरन, भिटामिन बी १२, फोलिक एसिडको मात्र पर्याप्त हुन्छ। यसले शरीरमा रगत अभावको समस्याबाट जोगाई कमजोरी हुनबाट बचाउँछ। भुटेको मकैमा भिटामिन सी, केरोटिनाईड, बायोफ्लेविनाईड हुन्छ जसले रक्त प्रवाहलाई तीव्र बनाई रक्तचाप नियन्त्रण गर्छ। यसले कोलेस्ट्रोलको मात्रा नियन्त्रण गर्न सहयोग गर्छ।

मुटु रोगको खतराबाट बचाउँछ। भुटेको मकैलाई तातो पानीमा केही बेर उमाल्नुहोस्। यस पानीलाई छानेर मिश्रि मिसाएर खाँदा पिसाब पोलेको वा किड्नी कमजोरीको समस्या समाधान हुन्छ।

भुटेको वा पोलेको मकैमा कार्बोहाइड्रेटको मात्र पर्याप्त हुने भएकोले यसले शरीरलाई पर्याप्त ऊर्जा दिन्छ। भुटेको मकै खाँदा दाँतको व्यायाम गराउँछ। मकै खादा दाँत सफा गर्ने र बलियो बनाउँछ।

भुटेको मकैमा फाईबरको मात्रा अत्यधिक हुने भएकाले पाचन प्रणालीमा सुधार गर्छ। भुटेको मकै खाने मानिसलाई एसिडिटी र कब्जियतको समस्या हुँदैन्।

भुटेको मकैमा आइरन, कपर, र फस्फोरस र म्याग्नेसियमको मात्रा प्रर्याप्त हुने भएकोले शरिरका हड्डीलाई बलियो बनाउछ।

भुटेको मकैमा आईरन, भिटामिन बी १२, फोलिक एसिडको मात्र प्रर्याप्त हुन्छ। जसले शरिरमा रगत अभावको समस्याबाट हुन दिंदैन र कमजोरी हुनुबाट बचाउँछ।

भुटेको मकैमा भिटामिन सी, केरोटिनाईड, बायोफ्लेविनाईड हुन्छ जसले रक्त प्रबाहलाई तीब्र बनाई रक्तचाप नियन्त्रण गर्छ।

भुटेको मकैले कोलेस्ट्रोलको मात्रा नियन्त्रण गर्छ जसले मुटु रोगको खतराबाट बचाउँछ।


भुटेको मकैलाई तातो पानीमा केही बेर उमाल्नुहोस। यस पानीलाई छानेर मिश्रि मिसाएर खाँदा पिसाब पोलेको वा किड्नीको समस्या समाधान हुन्छ।

भुटेको वा पोलेको मकैमा कार्बोहाइड्रेडको मात्र पर्याप्त हुन्छ।

# कोलकाता : एक चोटि हेरिसकेपछि फेरि हेर्न नपर्ने सहर-४

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



त्यहाँका क्रान्तिकारी जनमानसको विवेक कस्तो रहेछ भन्ने कुरा मैदानस्थित लेनिन, क्विन भिक्टोरिया र गान्धीको सालिकबाट प्रष्ट हुन्छ । त्यसताका कोलकातामा आतङ्ककारीहरूको जगजगी हुँदा लेनिन तथा भिक्टोरिया महारानीजस्ता विदेशी विभूतिका स्तम्भहरूलाई जनआक्रोशबाट बचाउनुपर्ने केही आवश्यकता भएन जब कि भारतीय राष्ट्रियता र अहिंसाका प्रवर्तक विश्वबन्धु महात्मा गान्धीको सालिकलाई बचाउन भारत सरकारलाई कडा प्रहरीनिगरानी मात्र गर्नुपरेको होइन कि त्यहाँवरिपरि मोटा तारका जालीहरूले समेत बेर्नुपर्ने बाध्यता परेको थियो । हुन पनि चीनका अध्यक्ष माउत्सेतुङलाई आफ्नै अध्यक्ष बन्धु मान्ने ती उग्रवादीलाई साम्य गर्न भारत सरकारलाई आच्छुआच्छु परेको थियो रे, यद्यपि पश्चिम बङ्गालमा जनमत मार्कसिस्ट कम्युनिज्मतिर ढल्केको बलियो आधार छँदै छ ।

**गहन, महान् र गरिमामय नगरी**

जुनसुकै बादलको घेरामा सुनौला रश्मिहरू हुन्छन् भनेजस्तै कोलकाताका पनि आफ्नै गरिमा, गहनता तथा महानता नभएका होइनन् । यहाँका विभिन्न ठाउँहरू चहार्दा नवीन अनुभूति हुन्छन् भन्नै पर्छ । कोलकातामा पहिलोपल्ट रेलद्वारा पदार्पण गर्ने नवागन्तुकहरूलाई सर्वप्रथम हावडा स्टेसनको भव्यताले प्रभावित पारेर छाड्छ, अनि हावडा ब्रिजजस्तो भीमकाय पुलको अवलोकन हुन आउँछ।



कोलकाता सहरको सेरोफेरो गर्दा ट्राम यात्रा पनि कम चाखलाग्दो हुँदैन । जवाहरलाल नेहरू रोडमा अवस्थित 'इन्डियन म्युजियम' को विविध प्राचीन अर्वाचीन वस्तुविशेषज्ञको ठूलो सङ्ग्रहालयले निश्चय नै धनी मुलुकका सहरहरूलाई पनि चुनौति दिएको हुन्छ । त्यो इन्डियन म्युजियजस्तो सङ्ग्रहालय विश्वका विरलै राष्ट्रहरूमा हुँदो होला । भिक्टोरिया मेमोरियल हलजस्तै पश्चिमी परिवेशमा निर्मित अरू प्रसिद्ध भवनहरू हुन् सेन्ट पाउल्स क्याथेड्रल तथा कम्पनी सरकारको सानदार वासस्थान फोर्ट विलियम र अर्को पश्चिमी वास्तुकलाले ओतप्रोत भएको 'मार्बल प्यालेस' । मैदानबाट दक्षिणतिर रहेको 'जुलोजिकल गार्डेन' भनिने चिडियाखानाको गरिमालाई कुनै पनि उन्नत राष्ट्रको चिडियाखानासँग राम्ररी तुलना गर्न सकिन्छ । दिउँसै रात्रिआकाशका ताराहरूको राम्रो झझल्को देखाउने 'बिडला प्लानेटोरियम' को दैनिक कार्यक्रमले लाखौं नवागन्तुकलाई बर्सेनि तानेको छ । हुग्ली नदीको किनारामा अवस्थित दक्षिणेश्वर मन्दिर र कालीघाटको कालीमन्दिरमा जाँदा मलाई लाग्यो, हामी हिन्दूहरूले एकपल्ट त त्यतातिर जानै पर्छ- आआफ्नो धार्मिक इच्छाको परिपूर्ति गर्नु छ भने । स्वामी विवेकानन्दको नाम नसुन्ने विरलै होलान् । तर उनका गुरु रामकृष्ण परमहंस अत्यन्त विचित्रका योगी रहेछन् । आफ्नो महान् साधनाले महामानव बन्न पुगेका रामकृष्ण परमहंसलाई कोलकातामा देवतातुल्य पूजा गर्दा रहेछन् । धार्मिक एकतामा आश्वस्त तथा विश्वस्त श्रीरामकृष्ण परमहंसको आत्मालाई शान्ति दिन बनेको बेलुरमठका मुख्य मन्दिरमा चर्च, मस्जिद र हिन्दूमन्दिरको सम्मिश्रण रहेछ । यहाँ चहार्दा मलाई यस्तो मानसिक शान्ति मिल्यो जुन हामीजस्तै धर्मसहिष्णुतामा आर्द्र हिन्दू तथा बौद्धहरूलाई हुनु स्वाभाविकै हो । अनि आधुनिकताका विषयवस्तुले भरिपूर्ण पार्क स्ट्रिटतिर पनि एकपल्ट गएमा धेरैपल्ट जाऊँजाऊँ जस्तो नलाग्ला भन्न सकिन्न ।

# रुवान्डा नरसंहारका त्रासदीपूर्ण दिन



विष्णु भट्टराई

अप्रिल ६, रुवान्डाको मात्र नभई मानव सभ्यताकै कलंक दिन हो। २५ वर्षअघिको रुवान्डाको जातीय नरसंहारका सय दिनमा १० लाख मानिसको हत्या भएको थियो। लाखौँ महिला बलात्कृत भएका थिए। हजारौँ मानिस साहाराविहीन र बेघर भएका थिए। कैयौँले अर्काको देशमा शरणार्थी जीवन बिताउन बाध्य हुनुपरेको थियो। त्यसैको स्मृतिमा रुवान्डावासी फेरि रोए। जातिवादले निम्त्याएको यो डरलाग्दो परिणाम सम्झेर विश्व समुदाय पनि फेरि एकपटक सोचमग्न हुन पुग्यो।

तत्कालीन रुवान्डाका राष्ट्रपति जुवेन हेविअरिमाना र बुरुन्डीका राष्ट्रपति सिप्रोननातायामिरा चढेको जहाजलाई राजधानी किगाली ओर्लन लाग्दै गर्दा धमकेदार बमले उडाइयो। घटना कसले घटायो भनेर अड्कलबाजी भइरहँदा सरकारी रेडियोले प्रपोगान्डा समाचार प्रचारण गर्‍यो, 'घटना तुत्सी आतंकवादीले घटाएको आशंका छ।'

मान्छेभित्रको रगत उम्लिन कतिबेर लाग्दो रहेछ र! ८५ प्रतिशत बहुल हुतु समुदाय उत्तेजित भइहाल्यो। दुवै राष्ट्रपति पनि हुतु समुदायकै थिए। त्यसैले उनीहरूलाई कुनै शंका रहेन कि राष्ट्रपतिको हत्यामा तुत्सी अतिवादीबाहेक अरू कसैको हात हुन सक्छ।

त्यसवेला अल्पसंख्यक रूपमा रहेको तुत्सी समुदायको तर्फबाट रुवान्डा प्याट्रियोटिक फ्रन्ट (आरपिएफ) ले लामो समयदेखि अतिवादी संगठन चलाइरहेको थियो। देशबाहिर रहेको यो पार्टीले वेलावेला आतंक सिर्जना गर्थ्यो। तर, उक्त पार्टीले राष्ट्रपति हत्याको जिम्मेवारी कहिल्यै लिएन। र, आजसम्म पनि लिएको छैन।

बरु उनीहरूले उक्त घटनामा हुतु अतिवाद समुदायकै हात रहेको आरोप लगाए। किनकि उक्त घटनाको एक वर्षअघि हुतु अतिवादका केही नेताले राष्ट्रपति हेविअरिमानालगायत ठूला नेतालाई 'देशको अपराधी घोषणा' गरेका थिए। हेविअरिमानाले दुई दशकदेखि राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए। त्यसअवधिमा हुतुका केही नेताबीच उनीप्रति तीव्र असन्तुष्टि थियो। त्यसैले हुतु अतिवादको एक समूहले 'देशका ती खतरनाक अपराधीलाई एक-एक गर्दै सफाया गर्ने' सूची नै सार्वजनिक गरेको थियो। तर, घटना कसले गरायो ? आजसम्मै रहस्यमा छ।

घटना जसले गराएको भए पनि यसबाट फाइदा भने हुतु अतिवादीले लिन चाहे। उनीहरूले तुत्सी समुदायमाथि राष्ट्रपति हत्याको ठाडो आरोप लगाए। र, हुतु समुदायलाई उत्तेजित बनाउने काम गरे। हुतु समुदायका नेताहरू यस्तै मौकाको पर्खाइमा थिए। किनकि तुत्सी अतिवादीले त्यहाँको सरकारको निँदहराम गरिरहेको थियो। यही मौकामा जनताको साहनुभूति लिएर तुत्सीलाई नामेट गर्न सके, चैनको सास फेर्न सकिने हुतुका नेतालाई लागेको थियो।

त्यसैले उनीहरूले जनतालाई भड्काउने काम गरे। सरकारले नै रेडियो, टेलिभिजनका माध्यबाट तुत्सी समुदायविरुद्ध विष वमन गर्न थाल्यो। सरकारले सेना, प्रहरी, कर्मचारी र सर्वसाधारणलाई आह्वान नै गर्‍यो, 'मुलुक अत्यन्त संकटमा छ, सबैले एकजुट हुनुपर्ने वेला आएको छ।'

सरकारले राष्ट्रिय एकता, अखण्डताका लागि हुतु समुदाय एक हुन आह्वान गर्‍यो। र, जसको हातमा जे हतियार छ, त्यही प्रयोग गरी तुत्सीको सफाया गर्ने अनुमति दियो। भिडलाई के चाहिएको हुन्छ र! फगत एक झिल्को भए पुग्छ। त्यही झिल्कोले सर्वनाश गरिदिन्छ।

त्यसपछि जे नहुनु थियो, त्यही भयो। हुतु समुदायको सत्ताधारी पार्टी नेसनल रिपब्लिक मुभमेन्ट फर डेमोक्रेसी एन्ड डेभलपमेन्ट (एनआरएमडी)को एक 'इन्तेराहाम्बे' भन्ने युवा संगठन पनि थियो, जसका कार्यकर्ता जोसिला र अन्धभक्त थिए। उनीहरू तुत्सीको नरसंहार गर्ने अभियानमा लागे। र, आफ्नो समुदायमा 'एकअर्काका लागि काम गर्ने (वर्क फर टुगेदर)' को नारा नै चलाए।

संगठनका युवा तथा स्थानीयले तुत्सीलाई खोजी-खोजी मार्न थाले। तुत्सी परिवारको कुनै एक व्यक्तिको हत्या गरेर मात्र हुँदैनथ्यो। सम्पूर्ण सदस्यको सफाया गर्ने आदेश थियो। त्यस क्रममा नवजात शिशु पनि बाँकी रहेनन्। वृद्धवृद्धा पनि बच्न पाएनन्।

महिलाको झन् दयनीय अवस्था थियो। समूहिक बलात्कार त सामान्य कुरा थियो। हजारौँलाई यौनदासी बनाइयो। बलात्कारपछिको हत्या निर्ममताको पराकाष्ठा थियो। पहिला स्तन काट्थे। त्यसपछि यातना दिएर हत्या गर्थे।

आफ्नै परिवारका तुत्सी समुदायको कोही रहेछ भने पनि नछाड्ने निर्देशन थियो। उनीहरूप्रति कसैले सहानुभूति देखाए, त्यसको पनि हत्या हुन्थ्यो। त्यसैले आफूले प्रेम गरेकी तुत्सी श्रीमतीको पनि हुतु श्रीमान्ले हत्या गर्नुपर्‍यो।

एकै क्षेत्रका आदिवासी जनजाति भएकाले हुतु र तुत्सीको भाषादेखि रीतिरिवाज मिल्दोजुल्दो थियो। एकै रहनसहन थियो। केही गाउँमा हुतु र तुत्सी अत्यन्त मिलेर बसेका थिए। उनीहरूमा बिहेबारी चल्नु नौलो थिएन। तर, कालान्तरमा सोचाइमा फरक आयो। छिमेकीले छिमेकीको हत्या गर्नुपर्ने दिन आइदियो। ससुरा स्वयंले तुत्सी बुहारीको हत्या गर्नुपर्‍यो। हुतु समुदायबाट भित्रिएकी बुहारी आफैँले पति, सासू, ससुरासमेतको हत्या गर्न बाध्य हुनुर्पयो।

हुतु अतिवादीले आफ्नै रेडियो स्टेसन, समाचार-पत्र र टेलिभिजन सञ्चालन गरेका थिए। उनीहरूको काम नै गोयबल्स शैलीमा प्रपोगान्डा मच्चाउनु थियो। तुत्सीका बारेमा यसो भनिन्थ्यो, 'साङ्लालाई मुक्ति देऊ' (तुत्सीको हत्या गर)। तुत्सी समुदायको जो अलि ठूलो व्यक्ति मारिन्थ्यो, समाचार संस्थाहरू हर्षबढाइँ गर्थे र बढाइ-चढाइ गरेर समाचार सम्प्रेषण गर्थे। यसले हुतुलाई अझ उत्तेजित बनाउँथ्यो।

हुतु युवाले त्यतिवेला तुत्सी पुजारीलाई समेत छाडेनन्। चर्चमा आश्रय लिएर बसेका तुत्सीमाथि पनि आक्रमण गरे। सडक कब्जा गरिएको थियो। विभिन्न नाकाबाट बाहिरिने स्थानमा हुतु अतिवादी युवा पहरेदार थिए। त्यहाँ परिचयपत्र हेरी तुत्सीको हत्या गर्थे।

अल्पसंख्यक तुत्सी समुदायका लागि आश्रय लिने कतै ठाउँ थिएन। उनीहरू खुला बाटो, चौरबाट भाग्न खोज्थे। तर हुतुका कोही न कोहीले भेटिहाल्थ्यो। जहाँ भेट्यो, त्यहीँ खुकुरी, लाठी, भाला, खुँडा प्रहार गरी हत्या गरिन्थ्यो। दौडँदै गरेको मानिसलाई पछाडिबाट ढुंगा हानेरसमेत हत्या गरियो।

त्यतिवेला तुत्सी समुदायको पहिचान गर्न हुतुलाई कुनै समस्या थिएन। बेल्जियमको उपनिवेश रहेका वेला तुत्सी समुदाय सत्तामा थिए। राज्यको सुविधा उपयोग गर्न सरकारले परिचयपत्र वितरण गरेको थियो। त्यही परिचयपत्र नै यतिवेला अभिशाप बनेको थियो।

स्थिति यति दर्दनाक थियो कि रुवान्डाको सडक, चोक, गल्ली, चौर, जतातत्तै लासैलासको डंगुर थियो।





अन्तिम संस्कार गर्ने सदासयतासमेत कसैले देखाइरहेका थिएनन्। केही ठाउँमा सामूहिक रूपमा खाल्डो खनी पुरिए। तर, कुकुर, ब्वाँसाले खाल्डो खोस्रेर शवलाई बाहिर निकालिदिन्थे। शवको दुर्गन्धले बाटोघाटो हिँड्न नसकिने अवस्था थियो। महामारी फैलिरहेको थियो, तर पनि कसैले चासो देखाइरहेको थिएन।

यस्तो घटना करिब सय दिनसम्म निरन्तर चलिरह्यो। विभिन्न तथ्यांकअनुसार करिब १० लाखको हत्या भएको थियो। त्यसमध्ये ७० प्रतिशतभन्दा बढी तुत्सी समुदायका थिए। दुई लाखभन्दा बढी महिलाको सामूहिक बलात्कार भयो। धरैजसो निर्मम यातना दिएर मारिए। २० लाखभन्दा बढी विस्थापित हुन पुगे। उनीहरू छिमेकी मुलुक युगान्डा, जायर र कायरोमा शरण लिन बाध्य भए।

घटनाको लामो पृष्ठभूमि हुन्छ। रुवान्डा नरसंहारलाई पनि तत्कालीन घटनाक्रमको अध्ययनले मात्र बुझ्न सकिँदैन। यसको पृष्ठभूमि लामो थियो। सन् १९१८ सम्म रुवान्डाको स्थिति सामान्य थियो। देश गरिब थियो तर हिंसा थिएन।



तुत्सी समुदायको राजसंस्था थियो। अल्पसंख्यक तुत्सीले बहुसंख्यक हुतुलाई शासन गर्दा निश्चय नै असन्तुष्टि हुन्छ। तर, त्यसवेलाको राजसंस्थाले युरोपको सहयोगमा शासन सत्ता चलाइरहेको थियो। पहिले यो देशमा जर्मनीको नियन्त्रण थियो। जर्मनीको पतनपछि बेल्जियमको नियन्त्रणमा रह्यो।

राजसंस्थाले तुत्सीलाई राज्यका स्रोत, साधन र सेवामा पहुँच दिन परिचयपत्र वितरण गरेको थियो। त्यसवेला रुवान्डामा तुत्सी, हुतु र तोवा गरी तीन समूहमा जातीयकरण गरिएको थियो। सबैभन्दा धेरै हुतु थिए। कुल जनसंख्याको ८५ प्रतिशत ओगट्ने यो समुदायलाई भूमिपुत्रसमेत भनिन्थ्यो। तुत्सी समुदाय १५ प्रतिशतको हाराहारीमा थिए। उनीहरूको मुख्य पेसा सरकारी कामकाज थियो। साथै उनीहरू पशुपालन गरेर जीविकोपार्जन गर्थे। उनीहरूलाई राज्यले उच्च जाति मानेको थियो। तोवा समुदायको जनसंख्या नगण्य थियो। तर समयले राजसंस्थालाई सधैँ साथ दिएन। हुतु समुदायको आवाजलाई अमेरिकाले स्थान दिन थाल्यो। युरोपले पनि राजसंस्थाको साथ छाड्यो। त्यसैको परिणामस्वरूप हुतुले सन् १९६२ मा राजसंस्था ढाले र सत्तामा पुगे। तुत्सी समुदायको विचल्ली भयो। ठूला नेता-कार्यकर्ता, कर्मचारी देश छाड्न बाध्य पारिए। निम्नवर्गकाहरू पिल्सिएर बस्न विवश भए।

तुत्सी समुदायका नेता चुप बसेनन्। उनीहरूले देशबाहिरबाट पनि संघर्ष चलाइरहे। सन् १९८० को दशक भने तुत्सीका आक्रमण थेगिनसक्नु भइसकेको थियो। हुतु शासक त्यसलाई निर्ममतापूर्वक दबाउन चाहन्थ्यो। सन् १९९० देखि १९९३ सम्म तुत्सीले निर्णायक आक्रमण गर्‍यो। यसले हुतुलाई गलाउन सफल भयो। दुवै संगठनमाथि अन्तर्राष्ट्रिय दबाब पनि थियो। सन् १९९३ मा दुवै पक्षले युद्ध विराम गर्दै माग सम्बोधन गर्न राजी भए। तर, राष्ट्रपतिको हत्यापछि त्यो शान्ति-सम्झौता भंग भई त्यसले जातीय नरसंहारको रूप लिएको थियो।

रुवान्डा घटनामा अन्तर्राष्ट्रिय समुदायको मौनता उदेकलाग्दो देखिन्छ। त्यहाँ पहिल्यैदेखि राष्ट्रसंघको शान्तिसेना थियो। तर, तिनीहरूलाई हतियार उठाउने निर्देशन थिएन। शान्तिसेनाले हतियार उठाउनुको त के कुरा, सेनाकै अगाडि स्थानीयले अर्को जातिको निर्मम हत्या भइरहेको हुन्थ्यो। उनीहरूले रोक्ने प्रयाससम्म गरेनन्। सडकमा फ्रान्स, बेल्जियम र राष्ट्रसंघलगायत सेनाको बख्तरबन्द गाडी दगुर्थे। त्यही छेउबाट घरेलु हतियारधारी समूह पनि हिँडिरहेको हुन्थ्यो। सेनाका जवान मुस्कुराएर हात हल्लाउँदै अघि बढ्थे।

त्यसवेला रुवान्डमा राष्ट्रसंघका २ हजार ५ सय शान्तिसेना कार्यरत थिए। त्यसका कमान्डर रोमियो डलायरले हिंसा रोक्ने निर्देशनका लागि राष्ट्रसंघसँग अनुमति मागेका थिए। त्यसवेला राष्ट्रसंघको शान्ति स्थापना विभागका इन्चार्ज कोफी अन्नान थिए, जो पछि महासचिवसमेत भए, उनले कुनै आदेश दिएनन्। पछि उनले खेद व्यक्त गर्दै भनेका छन्, 'हामी सबैलाई नमिठो खेद छ कि रुवान्डा नरसंहार रोक्न हामी केही गर्न सक्थ्यौँ, तर केही गरेनौँ।'

त्यसवेला अमेरिकामा राष्ट्रपति बिल क्लिन्टन थिए। उनले पनि धेरै पछि रुवान्डा भ्रमणमा भनेका थिए, 'मलाई लाग्दैन थियो कि हामी हिंसा रोक्न सक्थ्यौँ, तर निश्चित रूपमा क्षति कम गर्ने पहलचाहिँ गर्न सक्थ्यौँ। मलाई यसैमा खेद छ।'

तुत्सीको पार्टी आरपिएफ युगान्डामा बसेर आफ्नो गतिविधि गरिरहेको थियो। उक्त पार्टीलाई युगान्डा सरकारको ठूलो सहयोग थियो। जब रुवान्डा सरकार र हुतु समुदाय तुत्सीको सफायामा तल्लीन थिए, आरपिएफले आफ्ना लडाकुको ठूलो समूह रुवान्डा भित्र्यायो। बिस्तारै यसले रुवान्डाको ठूलो भूभागमाथि कब्जा जमायो। नरसंहार चलेको सय दिन नपुग्दै सन् १९९४ जुलाई ४ मा राजधानी किगाली नियन्त्रणमा लियो र तुत्सीका लडाकुले राजधानीमा मार्च गरे।

त्यसपछि हुतुका लडाकु, सरकारका वरिष्ठ अधिकारी र सेना प्रहरीका अधिकारी भाग्न बाध्य भए। तुत्सीले नरसंहारको बदला लिन्छन् भन्ने उनीहरूमा डर थियो। करिब २० लाख हुतु जो नरसंहारमा संलग्न थिए, सीमापारको जायर (हालको डेमोक्रेटिक रिपब्लिक अफ कंगो) मा शरण लिन पुगे। केही छिमेकी मुलुक तन्जिनिया, बुरुन्डीमा शरण लिन पुगे।

युगान्डा, तान्जिनिया, कंगो र बुरुन्डीले चारै दिशाबाट घेरेको यो सानो मुलुक भूपरिवेष्टित राष्ट्र हो। २६ हजार ३ सय वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो देशमा १ करोड २० लाख जनसंख्या छ। सानो मुलुक भए पनि लामो समय जातीय द्वन्द्व र गृहयुद्धमा फसेकाले कुनै वेला यहाँ व्यापक भोकमरी थियो। अधिकांश सर्वसाधारण कुपोषण ग्रस्त थिए। शिक्षा स्वास्थ्यको राम्रो व्यवस्था थिएन।

तर, हुतु समुदायबाट तुत्सीले सत्ता लिएयता त्यहाँ २५ वर्षदेखि कागामे नै राष्ट्रपतिका रूपमा चुनिँदै आएका छन्। कागामे नरसंहारताका तुत्सीको आरपिएफ पार्टीका शीर्ष नेता थिए।

नरसंहारपछि जातीय सद्भाव कायम गर्ने चुनौती थियो। त्यसमा कागामे सफल रहेको विश्लेषण गरिएको छ। यतिवेला त्यहाँ जातिवादको विषयमा चर्चा गर्न प्रतिबन्ध छ। त्यहाँ स्थिर सरकार छ। आर्थिक गतिविधिमा फड्को मारिरहेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्। कागामेले रुवान्डालाई आर्थिक हबका रूपमा विकास गरिरहेका छन्। यतिवेला रुवान्डाको आर्थिक वृद्धि ८ प्रतिशतको हाराहारी छ। प्रतिव्यक्ति आय करिब २ हजार अमेरिकी डलर छ।

कागामे रुवान्डामा निकै लोकप्रिय छन्। उनले तेस्रोपटक सन् २०१७ मा राष्ट्रपतिको चुनाव लड्दा ९८ दशमलव ६३ प्रतिशत मत हासिल गरेका थिए। उनलाई स्थानीय सञ्चारमाध्यमले सिंगापुरका ली क्यू वानका रूपमा चित्रण गर्ने गरेका छन्। तर उनीमाथि विपक्षीलाई देखिनसहने आरोप पनि छ। उनले आफूविरुद्ध आवाज उठाउनेलाई मुलुकभित्र होस् वा बाहिर, जहाँ भए पनि सफाया गरिदिने आरोप खेप्ने गरेका छन्। उनले पनि गत शनिबार २५ वर्षअघिको नरसंहार सम्झिए। '२५ वर्षअघि पनि हामी यहीँ थियौँ तर हाम्रासामु अँध्यारोसिवाय केही थिएन,' नरसंहारको २५ वर्ष पुगेको दिन त्यही वेलादेखि हालसम्म राष्ट्रपति रहेका पल कगामे शनिबार राजधानी किगालीमा आयोजित स्मृतिसभामा भनिरहेका थिए, '२५ वर्षपछि पनि हामी यहीँ छौँ, तर अहिले हाम्रा सामुअँध्यारो होइन, सुन्दर उज्यालो छ। हामी भित्रैदेखि घाइते भएका थियौँ, तर टुक्रिएका थिएनौँ। त्यसैले यतिवेला समग्र रुवान्डा एकै परिवार भएका छौँ।'

नरसंहारका क्रममा लाखौं महिला बलात्कृत भए। कतिपय बलात्कारपछि मारिए, कतिपय कसो-कसो गरी बाँच्न सफल भए। जो बाँच्न सफल भए, केही त गर्भवती भए। सन्तानलाई जन्म दिए। तर, उनीहरूमा सन्तानप्रति कुनै माया भएन। किनकि उनीहरूलाई लाग्थ्यो कि 'ती सन्तान त्यस्तो व्यक्तिका थिए, जसले आफ्नै आँखाअगाडि आफ्ना पति, बाबु, आमा वा अन्य सन्तानको हत्या गरेको थियो।' अर्थात् ती सन्तान भयंकर अपराधीका नासो थिए। पुत्लिन्जर सेन्टरमा द्वन्द्वसम्बन्धी रिपोर्टिङ र फोटोग्राफी गर्दै आएकी जोनाथान तोर्गोनिकले न्युयोर्क टाइम्समा लेखेकी छिन्, 'ती आमाले वर्षौंसम्म सन्तानलाई हेर्नसम्म चाहेनन्।' उनले केहीअघि घटनाबाट पीडित महिला र तीबाट जन्मेका सन्तानलाई भेटेर फोटो फिचर लेखेकी थिइन्। त्यतिवेला बलात्कृत भएका महिलाबाट जन्मेका बच्चा यतिवेला २५ वर्ष पुगिसकेका छन्।

(एजेन्सीको सहयोगमा)

# पर्यटकीय धार्मिक तथा भौगोलिक स्थल इलामको माइपोखरी

पर्यटन

प्रदेश नं. १ मा अवस्थित पहाडी जिल्ला इलामको सुलुबुङ गाउँपालिकामा अवस्थित माईपोखरी सुन्दर जल क्षेत्रमात्र होइन धार्मिक आस्थाको केन्द्र पनि हो। हिन्दू, बौद्ध र मुन्धुमको धार्मिक र साँस्कृतिक आस्थाको धरोहर हो माईपोखरी। इलाम सदरमुकामबाट माईपोखरी १८ किलोमिटरको दुरीमा पर्ने माईपोखरी सन् २००८ देखि विश्व रामसार सूचीमा सूचिकृत छ। समुद्री सतहबाट १२०० मिटर उचाइ रहेको माईपोखरीको कुल जलाशय क्षेत्र २ हेक्टर रहेको छ। कुनै बेला निलो पानी देखिने माईपोखरी आजभोलि भने हरियो देखिन्छ।

माईपोखरीसम्म पुग्ने सडकमार्ग सहज भएपछि आन्तरिक र बाह्य पर्यटकको घुइँचो नै लाग्ने गरेको छ। माईपोखरी हर्न र पूजाआजा गर्न देश विदेशबाट पर्यटकहरु पुग्ने गर्दछन्। मूल र वर्षा मात्र माईपोखरीको पानीको स्रोत हो। यसबाहेक खोला वा नदीबाट माई पोखरीमा पानी आउँदैन। अधिकतम तापक्रम १८ डिग्री र वार्षिक तीन हजार मिलिमिटरभन्दा बढी वर्षा हुने माईपोखरी वरिपरि सुन्दर सल्लेरी छ।



यस क्षेत्रमा १४ प्रकारका स्तनधारी जनावर, १२ प्रकारका सर्प, दुई सय प्रजातीका फूल फूल्ने बिरुवा, चार प्रकारका गुराँस, १६ थरि सुनाखरी, ३ प्रजातीका चाँप, ६२ प्रकारका जडिबुटी, ३ माछा जातिका र ३०० जातका पंक्षीहरु पाइन्छन्। यही जैविक विविधता नै माईपोखरीको मुख्य विशेषता हो भन्छन् स्थानीय जीवन नेपाल। उनले भने, 'यति हाइटमा यति ठूलो पोखरी हुनु आफैंमा अचम्म हो, माईपोखरीका धेरै विशेषताले पर्यटकको मन लोभ्याउने गरेको छ।'

माईपोखरीको अर्को विषेशता भनेको नौकुना हो। नवरात्रको दिन नौवटै कुनामा दुर्गाको नौ स्वरुपको पूजा गरिन्छ। हरिबोधनी र हरिशयनी एकादशीमा यहाँ भव्य मेला लाग्दछ। स्कन्ध पुराणमा शिव-पार्वती जलक्रिडा गर्ने गरेको भनेर उल्लेखित ठाउँ माईपोखरी नै हो भन्ने भनाइ स्थानीयको छ।

पोखरीमा छाल आए अनिष्ट हुने विश्वासका साथ छाल आएको बेला मन्दिरमा पूजा गरी पोखरीमा दूध चढाउने परम्परा छ। धेरैजसो धार्मिक आस्थाका कारण र प्राकृतिक सुन्दरताका कारण माईपोखरी घुम्न जान्छन्। कतिपय भने यहाँको सामाजिक, आर्थिक, साँस्कृतिक तथा वातावरणीय पक्षको अध्ययन, अनुसन्धानका लागि जाने गर्दछन्।

प्रेरक

## चक्कुबाट प्राप्त शिक्षा

स्वामी विवेकानन्द सिकागो धर्म सम्मेलनमा वक्ताका रूपमा सहभागी हुन जाने निश्चित भएपछि उनी यात्राको तयारीमा जुटे । यात्रामा जाने दिन नजिकिँदै गर्दा एक दिन उनी आफ्ना गुरू स्वामी रामकृष्ण परमहंसकी धर्मपत्नी माता शारदाबाट आशीर्वाद लिन गए । चरणस्पर्शपछि उनले करबद्ध हुँदै गुरूआमासित भने– माता, मलाई अमेरिकाको सिकागो सहरमा आयोजना हुने धर्म सम्मेलनमा भारतीय संस्कृतिमाथि बोल्न निम्तो आएको छ । मलाई हजुरको आशीर्वाद चाहियो ।

विवेकानन्दको अनुरोध सुनेपछि माता शारदाले भनिन्– आशीर्वादका लागि भोलि आउनू । म सबैभन्दा पहिले तिमी आशीर्वादका लागि योग्य छौ या छैनौ, त्यो हेर्छु । माताका आदेशपछि विवेकानन्द आफ्नो कुटीतिर लागे । भोलिपल्ट उनी पुनः आशीर्वादका लागि माता शारदाकहाँ पुगे ।

उनी त्यतिखेर भान्छामा व्यस्त थिइन् । उनले विवेकानन्दलाई देखेपछि नजिकै एउटा कुनामा रहेको चक्कु देखाउँदै भनिन्– विवेक, तिमी मलाई सबैभन्दा पहिले उः त्यो चक्कु देऊ त ! विवेकानन्दले चक्कु उठाएर उनलाई दिए । चक्कु लिएपछि उनले धेरै ज्ञानगुनका कुरा सुनाउँदै विवेकानन्दलाई भनिन्– तिमीलाई मेरो आशीर्वाद छ, तिमी आफ्नो लक्ष्यमा सफल हुनेछौ ।

विवेकानन्दले माताको आशीर्वादको खास अर्थ बुझ्न सकेनन् । उनले प्रश्न गरे– माता, हजुरले मलाई आशीर्वाद दिनुअघि चक्कु किन माग्नुभएको थियो ? माता शारदाले भनिन्– म तिम्रो मन देख्न चाहन्थेँ । जब तिमीले चक्कु मेरा तर्फ बढायौ, त्यतिखेर तिमीले चक्कुको धारवाला भाग आफूतिर राखेर बिँडतिरको सुरक्षित भागचाहिँ मलाई दियौ । यथार्थमा सन्त त्यही हो, जो स्वयं आपत्मा परे पनि संसारको कल्याणमा जुटिरहन्छ । त्यसैले, तिमी अवश्यै सफल हुन्छौ । जाऊ, लक्ष्य पूरा गरेर फर्क ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सिद्धान्तमा मतभेद देखिनाले कामबाट सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। साथीभाइसँग असमझदारी बढ्ने देखिन्छ। काममा अरूको भर नपर्नुहोला। प्रयत्न गर्दा पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले आंशिक काम बन्नेछ। रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। फाइदाका पछि लाग्दा अप्ठ्यारा चुनौती आउन सक्छन्।

### बृष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ।

### मिथुन

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

### कर्कट

केही खर्च लागे पनि नयाँ काममा लगानी गर्ने समय छ। मिहिनेतले प्रतिस्पर्धीहरू पछि पर्नेछन्। प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ। अरूको करकापमा गरिएको कामसमेत लाभदायी बन्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने वा आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ। सरसापटमा गएको रकमले समेत मनग्गे फाइदा दिनेछ।

### सिंह

मिहिनेतले राम्रो परिणाम दिलाउनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। आँटले ठूलो काम सम्पादन हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। पेसा र व्यवसायतर्फ आम्दानीको मात्रा बढ्ने देखिन्छ।

### कन्या

विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन निकै सजग रहनुपर्ला। परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ। श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्न सक्छ।

### तुला

सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ। आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन्। शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ। सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ। मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ। आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।

### वृश्चिक

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौती निम्त्याउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

### धनु

लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला। सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ। आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ। परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला। हडबडीले घर(व्यवहारमा समस्या निम्त्याउनेछ। तापनि, प्रेम र मित्रताको बन्धन कसिने समय छ।

### मकर

पहिलेको सफलताले हौसला जगाए पनि विवाद तथा मुद्दाहरूमा निकै सजग रहनुपर्नेछ। प्रतिस्पर्धीहरूले अलि दुस्ख दिन सक्छन्। पछिका लागि भने विशेष काममा जग बसाउने मौका छ। परिश्रम परे पनि लक्ष्य नजिक पुग्न सकिनेछ। ऋण, शत्रु र रोगबाट सजग रहनुपर्ला। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

### कुम्भ

सुखद समाचारले उत्साह जगाउनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मनको डर उत्साहमा रूपान्तरित हुनेछ। बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ। पढाइमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ। सहपाठीहरू पछि पर्नेछन् भने मिहिनेतले प्रतिष्ठा दिलाउनेछ। दिगो काम प्रारम्भ गर्ने समय छ।

### मीन

काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ। टाढिएका आफन्त नजिकिन सक्छन्। तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। पुरानो सम्झौता भंग हुन सक्छ। शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला, महत्वाकांक्षी योजना थालनी हुनेछ।

# समाचार संक्षेप

## छ किलो सुनसहित पक्राउ

मकवानपुर । हेटौंडा उपमहानगरपालिका(१५ रातोमाटेबाट भारत कर्नाटकका ४२ वर्षीय अब्दुल मजिद अनेकललाई ४ करोड २७ लाख ५८ हजार ७ सय ७४ रुपैयाँ मूल्य बराबरको ६ किलो २८९ ग्राम ३५० मिलिग्राम सुन सहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचानाको आधारमा काठमाडौंबाट बीरगंजतर्फ जाँदै गरेको ना.६ख ७८७२ नम्बरको यात्रुबाहक बस जाँच गर्ने क्रममा बसमा सवार अब्दुलले बोकेको झोलाबाट फलामको ब्यरिङहरु बरामद गरी काटेर हेर्दा सो भित्र लुकाई छिपाई राखेको अवस्थामा उक्त परिमाणको सुन फेला परेको हो ।

पक्राउ परेका अब्दुललाई बरामद सुन सहित थप कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## डाँका मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं । डाँका मुद्दाका फरार प्रतिवादी नुवाकोट शिवपुरी गाउँपालिका(६ ठेगाना भएका ४६ वर्षीय राजु थापालाई मित्रनगर काठमाडौंबाट मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

डाँका मुद्दामा सर्वोच्च अदालतको २०७५ असार ११ गतेको फैसलाले ४ लाख २० हजार रुपैयाँ जरिवाना र ६ वर्ष कैद सजाय ठहर भई फरार रहेका थापालाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । थापालाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौं पेश गरिएकोमा अदालतको आदेशले कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा पठाइएको छ ।

## अवैध लागूऔषधसहित पक्राउ

काठमाडौं । कीर्तिपुर नगरपालिका २ ट्याङलाफाँट चाँदनीचोकबाट अवैध लागूऔषध ब्राउनसुगर ७.१८० मिलिग्राम सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने २२ वर्षीय पुजन बास्कोटा र अछाम पञ्चदेवल घर भई कोटेश्वर बस्ने २५ वर्षीय ईन्द्र बहादुर धामी रहेका छन् ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका १५ फारलाईन बस्ने ५७ वर्षीय राम बहादुर बललाई अवैध लागूऔषध गाँजा १ किलो सहित मंगलबार बेलुका प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले बलको घर तलासी गर्दा लुकाई छिपाई राखेको उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

## विभिन्न धनमाल चोरी

काठमाडौ । काठमाडौं महानगरपालिका ४ पानीपोखरीमा डेरा गरी बस्ने तनहुँ चन्द्रावती नगरपालिका १३ घर भएका कमलहरी जिसीको कोठाबाट १ तोलाको सुनको औंठी, १ थान घडी र नगद ५२ हजार रुपैयाँ समेत गरी १ लाख ५२ हजार रुपैयाँ बराबरको धनमाल मंगलबार दिउँसो चोरी भएको छ ।

ललितपुर महानगरपालिका २८ हरिसिद्धीस्थित निरन्जन बरालको घरबाट १.५ तोला सुनका विभिन्न गहना गरी करिब १ लाख २० हजार रुपैयाँ बराबरको धनमाल मंगलबार दिउँसो चोरी भएको छ ।

## छुट्टाछुट्टै दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं । महोत्तरी र मोरङका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ ।

महोत्तरी, पिपरा गाउँपालिका(४ हनुमान मन्दिरस्थित सडकमा ना.१ क ५८२६ नम्बरको टिपरले बीआर ३० एक्स ७७०२ नम्बरको मोटरसाइकललाई मंगलबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक सम्सी गाउँपालिका(५ पोखरभिण्डा बस्ने ३५ वर्षीय कालिचरण यादवको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल जलेश्वरमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २३ वर्षीया सुधा यादवको सोही अस्पतालमा उपचार भइरहेको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मोरङ, बिराटनगर महानगरपालिका १९ मिलन चोकस्थित सडकमा को.१ ख २९१७ नम्बरको टिपरले प्रदेश १(००२ ह ८६०६ नम्बरको टेम्पोलाई मंगलबार राति ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा अटो चालक ग्रामथान(२ बस्ने ४५ वर्षीय बाबुराम सरदार र उनकै नातिनी ६ वर्षीया सबिता सरदार रहेका छन् । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## आगलागीबाट मृत्यु

काठमाडौं । सल्यान, सिद्धकुमाख गाउँपालिका(१ बाझकाडा बस्ने रत्न बहादुर बुढाथोकीको घरमा मंगलबार राति आगलागी हुँदा उनका ११ वर्षीय छोरा दुर्गा बहादुर बुढाथोकीको जलेर मृत्यु भएको छ ।

दाङ, बंगलाचुली गाउँपालिका(२ टाकुरा बस्ने २७ वर्षीय दिल बहादुर बुढाको घर र गोठमा मंगलबार राति आगलागी हुँदा घर र गोठ पूर्णरूपमा जलेर करिब ५ लाख ९८ हजार ५ सय रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Cogitate = विश्लेषण वा छलफल गर्नु The solution will come if we cogitate well on the problems (समस्याको राम्रो विश्लेषण गर्‍यौ भने समाधान निस्कनेछ)

Diffidence = लज्जालुपना For being successful salesman you must overcome your diffidence (सफल बिक्रेता बन्ने हो भने तिमीले आफ्नो लज्जालुपनामाथि विजय हासिल गर्नुपर्दछ)

Engender = विकाश गर्नु। बढावा दिनु Training is a means by which self confidence can be engendered (तालिम नै यस्तो माध्यम हो जसबाट आत्मविश्वासको विकास गर्न सकिन्छ)

Flout = अवज्ञा गर्नु For flouting the curfew they were taken into custody (कर्फ्यु अवज्ञा गरेकोमा तिनीहरूलाई गिरफ्तार गरिएको थियो)

Gusto = चाख वा मजा मानेर He accepted the assignment with a such a gusto that he would not bargain for higher salary (उसले मजा मानेर काम स्विकार गरेको देख्दा धेरै तलव माग्ला जस्तो छैन )

Hybrid = मिश्रित/खच्चर A mule is a hybrid of female donkey and mail horse (खच्चर पोथी गधा र भाले घोडाको मिश्रणबाट विकाश गरिएको जनावर हो)

Implacable = चित्त बुझाउन, साम्य पार्न नसकिने His fury against his neighbour is implacable (उसको छिमेकीप्रतिको रिस साम्य पार्न नसकिने खालको छ )

Juncture = समस्याग्रस्त वा जटिल परिस्थिति At such a critical juncture every one has to be self controlled (यस्तो चिन्तापूर्ण परिस्थितिमा सबैले संयम धारणा गर्नुपर्दछ )

Knit = खुम्चनु वा गाँठो पर्नु, जोडिनु Whenever he worries his brow knits in a frown (जब जब ऊ चिन्ता गर्दछ उसका आँखीभौँहरू खुम्चन्छन्)

Luster = चहक/चमक Brave deeds add luster to one's name (बहादुरीले आफ्नै नाम चम्काउँछ)

## Run बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Run after = पछि लाग्नु He is married but runs after every good looking woman ऊ विवाहित भए पनि राम्री महिलाको पछि लागिहाल्छ ।

Run along = अर्कैतिर लाग Run along children ! I am busy बच्चाहरु ब्यस्त छु तिमीहरु अर्केतिर लाग ।

Run at somebody = आक्रमण गर्नु He ran at us with a knife उसले चक्कुले हामीलाई आक्रमण गर्‍यो ।

Run at = ले/बढनु Inflation is running at 25% महँगी २५ प्रतिशतले बढिरहेको छ ।

Run away = भाग्नु He ran away from the house at the age 18 १८ वर्षकै उमेरमा ऊ घरबाट भाग्यो ।

Run away = सामना नगर्नु He runs away whenever situation is difficult अप्ठेरो परिस्थितिको ऊ कहिले सामना गर्दैन ।

Run away with something = केही लिएर भाग्नु She ran away with all the gold her mother had तिनले आफ्नी आमासँग भएको सबै सुन लिएर भागिन् ।

Run away with somebody = कसैसँग भाग्नु Despite being married she ran away with her boss विवाहित हुँदाहुँदै पनि तिनी आफ्नो हाकिमसँग भागिन् ।

Run something back = दोहोर्‍याउनु It is better to run the procedure back than committing an error भुल गर्नुभन्दा प्रकृया दोहोर्‍याउनु नै राम्रो ।

Run down = सिद्धिनु The battery of my car has run down मेरो कारको ब्याट्री सकिएको छ ।

## सुडोकु-अंक १९०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३ | | २ | | ४ | १ | |
| | | | ७ | | | | | |
| | | ९ | | | ५ | | २ | |
| ३ | १ | | ९ | | | | ८ | |
| | | ४ | | | | ९ | | |
| | ९ | | | | ६ | | ४ | ५ |
| | ८ | | १ | | | २ | | |
| | | | | | ९ | | | |
| | ७ | १ | | ३ | | ८ | | |

## अंक १८९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ९ | ४ | ७ | ६ | ३ | ८ | ५ |
| ५ | ७ | ६ | १ | ८ | ३ | ४ | २ | ९ |
| ८ | ३ | ४ | ५ | २ | ९ | ७ | १ | ६ |
| ४ | १ | ७ | ३ | ६ | ८ | ५ | ९ | २ |
| ९ | ६ | ३ | ७ | ५ | २ | १ | ४ | ८ |
| २ | ८ | ५ | ९ | ४ | १ | ६ | ३ | ७ |
| ६ | ९ | १ | ८ | ३ | ७ | २ | ५ | ४ |
| ३ | ५ | २ | ६ | ९ | ४ | ८ | ७ | १ |
| ७ | ४ | ८ | २ | १ | ५ | ९ | ६ | ३ |

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं । पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरोना र मन्दीको त्रास



Santa Ana Register

FINAL EDITION

BILLIONS LOST AS STOCKS CRASH

Pantages In Jail Awaits Sentence To State Prison

SENATE "FARM BLOC" STARTS BATTLE FOR HIGHER TARIFFS

MAINSTAYS OF MARKET IN PLUNGE




BROOKLYN DAILY EAGLE

WALL ST. IN PANIC AS STOCKS CRASH

Attempt Made to Kill Italy's Crown Prince

Hollywood Fire Destroys Films Worth Millions

High Duty Group Gave $700,000 to Coolidge Drive







■ **सुधा कार्ले**

चीनबाट सुरु भएको कोरोना भाइरस विश्वभर फैलिएको छ। ७ अरब जनसंख्या भएको विश्वमा मर्नेको सख्या ७ हजार पनि पुगिनसकेको परिप्रेक्ष्यमा यसरी सन्त्रास फैलिनु त नपर्ने हो तैपनि संक्रमित राष्ट्र र त्यहाँका नागरिकहरु यसबाट त्रसित भइरहेका छन् । जस्को कारण मानवीय आर्थिक क्रियाकलाप सीमित हुँदै गइरहेको अवस्थामा कतै यसले सन् १९३० को जस्तै विश्वव्यापी आर्थिक मन्दी त ल्याउने होइन भन्ने अर्को त्रासले राष्ट्रहरुलाई गाँज्न थालिसकेको छ । उदाहरण नेपालकै लिउँ । यहाँ भाइरसको कारण एकजनाको मृत्यु भएको छ तर सन्त्रास यति ठूलो छ कि यसको कारण सरकारले भिजिट नेपाल वर्ष फिर्ता लिइसकेको छ भने सगरमाथा संवाद कार्यक्रम पनि स्थगित गरेको छ। यस प्रकार यस भाइरसको कारण विश्व आर्थिक मन्दी भएमा नेपाल पनि प्रभावित हुने स्वतः सिद्ध छ।

**के हो सन १९३० को विश्व आर्थिक मन्दी ?**

The Great Depression भनिने विश्व आर्थिक मन्दी सन् १९२९ को शुरुवातसँगै पहिलो पटक विश्वले अनुभव गरेको थियो। यसको शुरुवात विश्वको सबैभन्दा धनी र शक्तिशाली मानिने अमेरिकाबाट भएको थियो। तत्पश्चात विभिन्न देश प्रभावित हुन पुगेको यस आर्थिक मन्दी करिब १० महिनासम्म कायम रहेको थियो जसलाई मानिसहरु २० औं शताब्दिकै सबैभन्दा लामो र छिटै विश्वभर फैलिई गहिरो असर छोडेको आर्थिक मन्दी भन्ने गर्दछन् । जसको कारण विश्व अर्थतन्त्र बेस्सरी गिर्न पुगेको थियो । अमेरिकामा यस मन्दीको कारण शेयर बजारमा ठूलो गिरावट आयो र त्यसको प्रभाव विश्वको सबै राष्ट्रको शेयर बजारमा पऱ्यो । यस अवधिमा कुल विश्व ग्रार्हस्थ उत्पादन १५ प्रतिशतले घटेको थियो । यस मन्दीको असर विभिन्न राष्ट्रहरुको अर्थतन्त्रमा द्वितीय विश्वयुद्ध सुरु हुने बेलासम्म कायम थियो। यस मन्दीको असर धनी र गरिब दुवै राष्ट्रहरुमा परेको थियो। मन्दीको कारण कर राजस्व, व्यापारबाट हुने नाफा अनि वस्तुको मूल्य सबैमा एकैसाथ गिरावट आएको थियो भने अन्तर ाष्ट्रिय ब्यापारमा ५० प्रतिशतले ह्रास र बेरोजगारको दरमा देशहरु हेरी २५ देखि ३३ प्रतिशतले वृद्धि भएको थियो। यस आर्थिक मन्दीले विशाल उद्योग भएका देशहरुलाई नराम्ररी गाँजेको थियो भने कृषिले बजार र मूल्य नपाउँदा कृषि उत्पादन ठप्प हुन पुगेको थियो । सो अवधिमा कृषि उत्पादनको मूल्यमा ६० प्रतिशतले गिरावट आउँदा समेत त्यसले बजार पाउन सकेको थिएन। त्यस्तै दशा खानीजन्य उद्योगले पनि नराम्ररी ब्यहोरेको थियो।

**के हो आर्थिक मन्दी भनेको ?**

आर्थिक मन्दी भनेको यस्तो अवस्था हो जुनबेला सस्तो हुँदाहुँदै पनि उपभोक्ताहरुले किन्ने काम गर्दैनन्, खर्च पटक्कै गर्दैनन् । उपभोक्तामा आउने यस्तो प्रवृत्तिको कारण उत्पादित मालसमानहरु बिक्री नभई थुप्रिन जान्छन्, व्यापारबाट हुने नाफामा ह्रास हुन्छ जस्ले गर्दा भएका उद्योग बन्द हुन्छन् र कृषिजन्य उत्पादन पनि ठप्प हुन जान्छ । यसको परिणामस्वरुप बेराजगारको संख्या बेस्सरी बढ्छ।

**कसरी थाहा हुन्छ आर्थिक मन्दी भएको ?**

अर्थशास्त्रका इतिहासकारहरुले सन् १९२९ अक्टोवर २४ तारिख मंगलबारका दिन शेयर बजारमा आएको आम गिरावट नै आर्थिक मन्दीको अवस्था हो भन्दै त्यसलाई उनीहरुले Black Tuesday नामाकरण गरेका थिए। कसैले शेयर बजारमा आउने भारी गिरावटलाई आर्थिक मन्दीको कारक तत्व भने कसैले यसलाई आर्थिक मन्दीको लक्षण मात्रै हो भन्थे । उपभोक्ताहरु जो शेयर बजारमा आएको गिरावटको कारण थलिएका थिए । उनीहरुले पैसाको अभावको कारण आफ्नो खर्चमा भारी कटौति गर्नु परेको थियो। अर्कोतर्फ ब्याजदर पनि घटेर झन्डै शून्यको हाराहारीमा पुगेको थियो। उपभोक्ताहरुमा पैसाको अभाव भई वस्तु किन्नको लागि खर्च नगर्ने प्रवृत्तिको कारण मोटर कारदेखि लिएर कृषि उपजसम्मको मूल्यमा भारी गिरावट आएको थियो।

**आर्थिक मन्दीको असर कसरी देखियो त ?**

सन १९२९ को आर्थिक मन्दीको कारण अमेरिकाको औद्योगिक उत्पादनमा ४६, बेलायतकोमा २३, फ्रान्सकोमा २४ र जर्मनीकोमा ४१ प्रतिशतले गिरावट आएको थियो। त्यसैगरी अमेरिकाको थोकमूल्यमा ३२, बेलायतकोमा ३३, फ्रान्सकोमा ३४ र जर्मनीकोमा २९ प्रतिशतले गिरावट आएको थियो। त्यसै गरी अमेरिकाको विदेश ब्यापारमा ७०, बेलायतकोमा ६०, फ्रान्सकोमा ५४ र जर्मनीकोमा ६१ प्रतिशतले गिरावट आएको थियो । बेरोजगारीको कुरा गर्ने हो भने अमेरिकामा ६०७, बेलायतमा १२९, फ्रान्समा २१४ र जर्मनीमा २३४ प्रतिशतले बेरोजगारी बढेको थियो।

**आर्थिक मन्दीबाट छुटकारा कसरी पाइन्छ?**

आर्थिक मन्दीबाट छुटकारा त्यतिखेर हुन्छ जब उपभोक्ताहरु वस्तु वा सेवा किन्नको लागि खर्च गर्न शुरु गर्छन। उनीहरु कुन बेला खर्च गर्न सुरु गर्छन् त भन्दा जुन बेला उनीहरुको हातमा चाहेको जति पैसा हुन्छ। चाहेको जति पैसा उपभोक्तासँग कुन बेला हुन्छ त भन्दा जुन बेला सरकारले बजेटको आकार बढाई सोहीअनुरुप खर्च गर्ने गर्दछ। यस अर्थमा आर्थिक मन्दीको कारक तत्व भनेको सरकारै हो। सरकारले बजेटले व्यवस्था गरेअनुरुप शतप्रतिशत पुँजीगत खर्च गऱ्यो भने मात्रै शतप्रतिशत उपभोक्ताको हातमा पैसा जान्छ अनि बल्ल उनीहरुमा खर्च गर्ने प्रवृत्ति बढ्दा बजारमा वस्तुको माग बढ्छ जसको कारण शेयर लगानी बढाइ उत्पादनमा वृद्धि गर्नुपर्ने हुन्छ अनि बल्ल औद्योगिक क्रियाकलाप बढ्न गई रोजगारको अवसरमा वृद्धि हुन्छ र आर्थिक मन्दी हटेर जान्छ।

अहिले कोरोनाको संक्रमणको कारण मानवीय क्रियाकलाप रोकिने लक्षण देखापरेको छ । जब उपभोक्ताहरु संक्रामक रोगबाट त्रसित भई आफूलाई घरभित्रै सीमित गर्छन् तब किनबेच गर्ने दुवै क्रियाकलाप बेस्सरी घट्छ। अनि बजारमा वस्तुको माग नभै सस्तो हुँदाहुँदै पनि वस्तु बिक्री नहुने कारण उत्पादन बन्द हुन्छ। उत्पादन बन्द हुँदा उद्योग बन्द भई बेरोजगार बढ्छ। बेरोजगार बढ्नु भनेको अर्थ फेरि बेरोजगारसँग खर्च गर्ने पैसा नहुने अवस्था हुन्छ र वस्तु बिक्री हुँदैन र आर्थिक मन्दिले निरन्तरता पाउँछ।

# अष्ट्रेलियामा लगातार भीषण वर्षा, निभ्यो आगो

विगत केही दिनदेखि अष्ट्रेलियाको सिड्नी तथा न्यु साउथ वेल्स क्षेत्रमा भीषण वर्षा भइरहेको छ।

पानी परेसँगै करिब ३ महिनादेखि स्वालहेवननजिक फैलिएको डढेलो पनि निभेको छ । उक्त डढेलोबाट ३१२ घर नष्ट भएका थिए भने ५०० हेक्टर जमिन डढेको थियो।

मौसम विभागले सिड्नी, इलावारा र सेन्ट्रल टेबलल्यान्ड्स इलाकामा हावाहुरीका साथै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागका अनुसार सिड्नीमा मात्रै सन् १९९० यताकै सर्वाधिक वर्षा (३९१ दशमलव ६ मिलिमिटर) मापन गरिएको छ।

नदीमा पानीको बहाव घटे पनि स्थिति सामान्य हुन अझै केही समय लाग्ने छ। अधिकारीहरुले बाढी सम्भावित क्षेत्रहरुमा सचेत भएर रहन नागरिकलाई चेतावनी दिएका छन्। लामो समयको खडेरीका कारण पानीको प्रयोगमा आंशिक प्रतिबन्ध झेलिरहेका यस क्षेत्रका बासिन्दालाई वर्षाले केही राहत दिने अवस्था देखिएको छ।

सिड्नीको पानी वितरण गर्ने मुख्य बाँध वारागम्बामा अब ७० प्रतिशतसम्म पानी जम्मा हुने अनुमान गरिएको छ, यसअघि त्यहाँको जलस्तर ४२ प्रतिशत मात्र थियो। न्यु साउथ वेल्सका विभिन्न भागमा पानी पर्नु अगाडिसम्म ३० ठाउँमा डढेलो लागेको थियो भने अहिले १७ ठाउँमा मात्र आगलागी भइरहेको एनएसडब्ल्यु रुलर फायर सर्भिसले जनाएको छ।

सेप्टेम्बरदेखि सुरु भएको डढेलोबाट अष्ट्रेलियामा ३४ जनाको ज्यान गएको छ भने आवासीय तथा गैरआवासीय गरी ५ हजार ९ सय भवन नष्ट भएका छन्। सन् २०२० को जनवरीसम्म अष्ट्रेलियन सरकारले गरेको अनुमानअनुसार करिब १२ दशमलव ६ मिलियन हेक्टर जमिन जलेको छ। करोडौं जनावार डढेलोको शिकार भएका छन्।

*एजेन्सीको सहयोगमा*

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# महिला स्वास्थ्यको कहालीलाग्दो अवस्था

**- डा. रामदेव पंडित**

जनसंख्याको आधा हिस्सा ओगट्ने महिला स्वस्थ नभई स्वस्थ्य नेपालको कल्पना गर्न सकिँदैन। नेपालको संविधान(२०७२)ले महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, सामाजिक वा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार तराईका भाषा बोल्ने महिलालाई गणना गर्दा त्यस क्षेत्रमा महिलाको कुल संख्या ६७ लाख ७२ हजार ३२३ रहेको छ। जनसंख्यामा यति ठूलो हिस्सा ओगटेको भए पनि तराईका महिला जीवनका हरेक दृष्टिकोणले पछाडि परेको देखिन्छ। उनीहरू वर्गीय, जातीय, लैङ्गिक र सामाजिक विभेदको शिकार हुने गरेका छन्। पितृसतात्मक समाजमा विद्यमान कुरीति र अन्धविश्वासका कारण महिला आफ्ना व्यक्तिगत विषयमा समेत स्वयं निर्णय गर्न पाएका छैनन्।

शताब्दीयौँदेखि व्याप्त कुसंस्कार, कुरीति र कुप्रथाका नाममा महिलाहरू तराईमा उत्पीडित छन्। 'थर्ड एलायन्स' नामक गैरसरकारी संस्थाकाअनुसार तराईमा हुने बलात्कारका घटनामध्ये केवल १५ प्रतिशत घटना मात्र सार्वजनिक हुने गरेका छन्।

स्वास्थ्यको कुरा गर्दा तराईका धेरै महिला आधारभूत स्वास्थ्य सुविधाबाट वञ्चित छन्। कतिपय परिवारमा त महिलाले स्वास्थ्य उपचार गर्न समेत घरमा श्रीमान्, सासू, ससुरा, जेठाजुको अनुमति लिनुपर्छ। साथै उपचार गर्न जाँदासमेत ती महिलालाई के भएको हो भन्ने कुरा पनि आफन्तले नै डाक्टरलाई भनिदिनु पर्ने अवस्था आउँछ।

तराईमा व्याप्त बाल विवाह, जन्मान्तरको फरक कम हुने, कुपोषण, सुत्केरी अवस्थामा उचित हेरचाहको कमीका कारण समस्या भयावह छ। लाजका कारण रोग लुकाएर बसेका महिलाको संख्या ठूलो छ। उनीहरू सामाजिक अपहेलनाका हुने भयले उपचारमा नआउँदा समस्या अझ विकराल र उनीहरूका कथा दर्दनाक छ। सरकारले गर्भवती महिलाको मृत्युदर कम गराउन सुरक्षित मातृत्व कार्यक्रममा वर्षेनी करोडौं रूपैयाँ खर्च गरे पनि तराईका केही जिल्लामा भने यो कार्यक्रम प्रभावकारी हुन सकेको छैन।

मातृ स्वास्थ्यको तथ्यांक केलाउँदा १५-४९ उमेर समूहका महिलामा देखिएको रक्तअल्पताल सबैलाई झस्काउने खालको छ। सन् २००६ मा प्रजनन् उमेरका ३६ प्रतिशत महिलालाई रक्तअल्पता भएको थियो, २०१६ मा यो बढेर ४१ प्रतिशत पुग्यो। प्रदेश २ का महिलाहरूको मात्रै रक्तअल्पताको तथ्यांक लिने हो भने स्थिति झनै खराब देखिनेछ।

महिलामा रक्तअल्पताको तथ्यांक बढ्नुको अर्थ महिला स्वास्थ्यमा खराबी हुनु हो। सबै गर्भवती महिलालाई आइरन चक्की दिइए पनि रक्तअल्पता किन बढिरहेछ ? यसको जवाफ खोज्नैपर्छ। रक्तअल्पता भएका महिलाको गर्भको बच्चा पनि सानो हुन्छ र कतिपयलाई बचाउनै गाह्रो हुन्छ। अर्कोतिर, रगतको कमी भएका महिलाको प्रसूतिपछि अलिकति रगत बगे पनि मृत्यु हुने सम्भावना बढी हुन्छ।

सर्वेक्षणहरूले नेपालमा महिला स्वास्थ्यमा सुधार भएको देखाए पनि तराईमा महिलाको अवस्था कहालिलाग्दो छ। स्त्रीरोग विशेषज्ञहरूले प्रजनन् र मातृ स्वास्थ्यबारे गम्भीर तथ्य बाहिर ल्याएका छन्। अस्पताल पुग्नेहरूमा आवश्यकभन्दा बढी शल्यक्रियाले ती क्षेत्रका महिलाहरूको स्वास्थ्यमा नकारात्मक असर परीरहेको छ। अनावश्यक शल्यक्रियाले महिलालाई पिसाब चुहिरहने समस्या (फिस्टुला) भईरहेको पाईएको छ।

यस्ता समस्याले महिलाको पारिवारिक, सामाजिक र दाम्पत्य जीवन तहसनहस बन्दैछ। त्यस्ता महिलाहरू भावनात्मक रूपमा समेत निकै कमजोर मानसिक रूपमा समेत अस्वस्थ हुने गरेका छन्।

तथ्याङ्कहरूका अनुसार ४३ प्रतिशत महिलाले प्रसूतिका लागि अहिले पनि स्वास्थ्य सेवा पाएका छैनन्। नेपालको तराई जिल्लाहरूमा ६० देखि ८० प्रतिशत महिलाले प्रसूति सेवा पाएका छैनन्। राजनीतिक गर्नुसँगै अब मधेशको नेतृत्वले यी बियायहरूमा पनि नजर लगाउनु पर्छ।

सन् २००९ को तुलनामा हाल गर्भवती र सुत्केरी अवस्थामा हुने मातृ मृत्युदरमा कमी आएको देखिन्छ। तर मृत्यु हुने आमाहरूमध्ये बच्चा जन्माइसकेपछि २८ प्रतिशतको मृत्यु हुन्थ्यो भने सन् २०१६ मा यो बढेर ४९ प्रतिशत पुगेको थियो। त्यसैले बच्चा जन्माइसकेपछि कसरी आमाको मृत्यु हुन्छ भन्ने विषयमा गम्भीर अध्ययन हुन आवश्यक देखिन्छ। रगत धेरै बगेर, संक्रमण भएर, मुटुमा समस्या भएर वा अरू धेरै कारणले बच्चा जन्माइसकेपछिको अवस्थामा मातृ मृत्युदर बढेको मानिन्छ।

गर्भावस्थाको संक्रमण भएर सन् २००९ मा ७ प्रतिशत मातृमृत्यु हुन्थ्यो भने २०१६ मा बढेर १० प्रतिशत पुगेको थियो।

## फागु...

पर्व पश्चिम एसियाबाट यहाँ विस्तार भएको मानिन्छ। तर फागुको उल्लेख पुराणहरुमा पनि पाइने हुनाले यसको प्राचीनताबारे बुझ्न सकिन्छ। कसैकसैले फागुलाई कामदेवसँग सम्बन्धित पनि मान्दछन्। फागु पूर्णिमालाई चन्द्रमाको जन्मदिन पनि मानिएको छ। कसैले नेपालमा यसलाई सालभन्जिकाको रुपमा मनाइने कुराको उल्लेख गरेका छन्।

फागु पर्वको पहिलो पक्ष भगवान कृष्णसँग जोडिएको छ। त्यसैले यसलाई कृष्ण महोत्सव पनि भनिएको हो। चिर उत्थानपछि फागु सुरु हुन्छ र यसको दहनपछि अन्त्य हुन्छ। चिर उत्थान लाक्षणिक शब्द हो। मूलत : यो भगवान कृष्णले गोपिनीको चिरहरण गरेको सन्दर्भ हो। किनभने यही नेपाल उपत्यकाभित्रको ऐतिहाासिक ठाउँ भक्तपुरमा फागु पर्वमा महाभारत पात्रका लिङ्ग र योनीपूजा हुन्छ। त्यसैले चिर उत्थान अथवा फागु रासलीलासँग सम्बन्धित पर्व हो। मोक्ष प्राप्तिको लागि संसर्गजन्य अभिचार हाम्रो सभ्यतामा नभएको पनि होइन। हाम्रो समाजमा चोलीयामार्ग र विजमार्ग भएको तथ्य सुन्दरीचोक पाटनको एउटा मूर्तिले पनि स्पष्ट पार्दछ। वेदान्तको मुख्य विषय माया पनि हो। यो अज्ञानता वा भ्रम हो। भगवान कृष्णको सन्दर्भमा चिरहरण मायाको आवरणलाई हटाएको पक्षसँग सम्बन्धित छ। मायाको कारणले जीवनले म ब्रह्म हुँ भन्ने बिर्सन्छ। माथि उल्लेखित लिंग र योनीपूजा, भगवान कृष्ण र गोपिनीको रासलीला, गोपीनिको चिरहरण, फागुन महिना सबैको लाक्षणिक अर्थ एउटै हो। माया हटिसकेपछि लिङ्ग र योनीपूजा, कृष्णको रासललिा ब्रह्म साक्षत्कार र आत्मा सात्क्षत्कारसँग जोडिएका विषय हुन्।

फागु रंग पर्व हो। यो विज्ञानसम्मत पनि छ। रंग प्रयोगमा मानिसको आकर्षण सूर्यका किरणले गरेका हुन्। अर्कोतर्फ पाञ्चायन पद्धति मात्र होइन, सौरसम्प्रदाय मात्र पनि होइन, सबै समाजमा सूर्य उपासना परम्परा छ। यसै मान्यतासँग सोलास थेरापी, सूर्य स्नान पद्धति जोडिएर विकसित भए। सोलार थेरापी, सूर्य स्नानबाट विभिन्न बाह्य रोग, चर्मरोगहरुको उपचार हुने कुरा विज्ञानसम्मत हो। फागु मुख्य रुपमा कलर थेरापीसँग जोडिएको छ। मानव समाजले रंगको प्रयोग इन्द्रेणीबाट सिकेको र प्रयोगमा ल्याएको अनुभूति हुन्छ। रंगबाट कुष्टादि विभिन्न चर्मरोगको उपचार हुने कुरा आयुर्वेदले बताएको छ। त्यसैले पनि विभिन्न महत्व बोकेको रंगको वर्षमा एउटा अवसरमा उत्सवको रुपमा मान्न थालिएको स्पष्ट छ। रंगले स्वभावैले मानिसमा आनन्द, उल्लास ल्याइदिन्छ। यो सकुनको प्रतीक पनि हो। विभिन्न रंगका विभिन्न अर्थ र प्रयोजन पनि हुन्छन्।

बौद्धधर्मको बज्रयानी मतमा पञ्चध्यानी बुद्धको परम्परा छ। यिनलाई कस्मिक पावर मानिन्छ। पञ्चध्यानी बुद्ध- अक्षोम्य, रत्नसम्भव, अमिताभ, अमोधसिद्धि र वैरोचनसँग पञ्चस्कन्द, पञ्चमहाभूत, पञ्चदिशा, पञ्चमुद्रा मात्र जोडिएका छैनन्। पाँच प्रकारका रंग पनि जोडिएका छन्। यिनमा क्रमशः निलो, पहेँलो, रातो, हरियो र सेतो हुन्। यसरी ध्यानी बुद्धसँग पनि जोडिनुले रंगको महत्व बुझिन्छ। पर्वलाई विभिन्न वर्ग र समुदायसँग पनि जोडिएको पाइन्छ। फागुलाई व्यावसायिक समूहसँग सम्बन्धित देखाइएको छ। यसको सान्दर्भिकता आआफ्नै ठाउँमा होला। फागुको ठूलो विशेषता भनेको यसमा उचनिच, भेदभाव आदिको भावना हुँदैन। यो सद्भाव, भिन्नता बढाउने पर्व पनि हो। यसले सबैमा उत्साह, उमंग ल्याउने काम गर्दछ।

यो भेटघाट र खानपिनको पर्व पनि हो। तर वर्तमानमा फागुको नाममा विभिन्न विकृतिहरु पनि विकसित हुन थालेका छन्। नेपालमा विभिन्न ठाउँ र समुदायहरुमा विभिन्न किसिमले फागु मनाइन्छ। हिमाल र पहाडको तुलनामा तराईमा फागुको महत्व बढी छ। यसलाई सुदूरपश्चिम तराईमा बसोबास गर्ने रानाथारुहरुले एक महिनासम्म सबैभन्दा ठूलो पर्वको रुपमा मनाउँछन्। भारतमा यसलाई होलीको रुपमा भव्य र सम्मानका साथ मनाउने गर्दछन्।

फागु पूर्णिमा तराई मधेसका विभिन्न जिल्लाहरुमा पनि हर्षोल्लासका साथ मनाइन्छ। तराईका जिल्लाहरुको विभिन्न चोकमा साङ्गतिक कार्यक्रम गर्दै तथा एकआपसमा मित्रता, आत्मीयता बढाउन अबिर तथा रङ लगाई होली पर्व मनाइन्छ।

दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्तिबाट विजलित पार्न नसकेपछि आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्य ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी बिहिनी होलिकालाई दन्किरहेको आगोमा छोरा प्रह्लादसहित पस्न लगाउँदा होलीका भष्म भएको तर भक्त प्रह्लाद भने आगोबाट सकुशल निस्केको प्रसङ्ग पुराणमा उल्लेख छ। यसैको सम्झनास्वरुप शक्तिको दुरुपयोग गर्ने पाप प्रवृत्तिकी प्रतीक होलिका मारिएको उपलक्ष्यमा विजयोत्सवका रुपमा होली अर्थात् फागु पूर्णिमा मनाउने गरिन्छ।

## सांसदहरू...

खनिएका थिए। एन्जिन ओजकोक रिपब्लिक पिपल्स पार्टीका प्रतिनिधि हुन्। उनले राष्ट्रपति एर्दोगनलाई सिरियाको इडलिबमा गत साता मारिएका सिपाहीको अपमान गरेको भन्दै पत्रकार सम्मेलन समेत गरेका थिए। उनले राष्ट्रपतिविरुद्ध लड्न टिर्कस जनताका छोराछोरीलाई पठाइदिन समेत आग्रह गर्दै संसद बैठकमा कडा आलोचना गरेका थिए। संसदका प्रवक्ता मुस्तफा सेन्तोपले ती सांसदको अभिव्यक्तिलाई रोकेका थिए।

## ढकाल...



कामु सहसचिवबाट अवकाश प्राप्त गर्नुभएको हो। भोजन नलीमा अल्सरसहितको ट्युमरका कारण वाइपास कृत्रिम नली प्रत्यारोपण गरी स्वास्थ्यलाभ गर्नुभएका ढकाल अहिले पनि सामान्य अवस्थामा हुनुहुन्छ। ९३ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा उहाँलाई एकीकृत सिर्जनशील समाजद्वारा पालनपोषण गरिरहेको ४७ जना बालबालिकालाई गत २१ गते बिहान भोजन गराउनुभएको थियो। ग्रेटर नेपाल साप्ताहिक ढकालको सुस्वास्थ्य र दीर्घायको कामना गर्दछ।

## आम...

नहुन यसअघि नै आग्रह गरेका छन्। अमेरिकाले संक्रमित मुलुकमा नजान आफ्ना नागरिकहरुलाई सतर्क गराएको छ भेन संक्रमित मुलुकका हवाई उडानहरु बन्द गराएको छ। तर नेपाल एयरलायन्सले भने कोरोना संक्रमित मुलुक जापानमा नयाँ उडान भरेर कोरोना भाइरसको संक्रमणलाई निम्तो दिएको छ। जापानको स्वास्थ्यसँग खेलबाड गर्ने परराष्ट्र मन्त्री र सम्बन्धित अधिकारीहरुलाई कसले कारबाही गर्ने ?

नेपाल सरकार नेपाल भ्रमण वर्ष २०२० सफल पार्न कस्सिइरहेका बेला कोरोना विपदको त्रास आइलागेको छ। ढिलै भए पनि सरकारले भिजिट नेपाल २०२० स्थगन गरेको छ। नेपालमा आगामी चैत २१,२२ गते हुने भनिएको पहिलो सगरमाथा संवाद पनि स्थगित गरिएको परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले हालै जानकारी गराएका छन्। सरकारले पहिले 'हामी कोरोना फ्रि जोनमा छौं' भन्दै आएको थियो। सरकार यतिसम्म मुर्ख कुरा गरिरहेको थियो कि नेपाललाई कोरोना मुक्त क्षेत्र घोषणा गर्ने तयारी गरिरहेको थियो। नेपालमा विपद भन्नाले प्राकृतिक विपदलाई मात्र मानिन्छ। नेपाल सरकारले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा गैरप्राकृतिक विपद भन्नाले महामारी, डढेलो, किट वा सूक्ष्म जिवाणु आतंक, पशु तथा चराचुरुंगीमा हुने फ्लु, प्यान्डातमक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, सडक, आगलागी, गीस रसायन, विकिरण, ग्यास विस्फोटन आदिलाई महामारी सम्झिनुपर्छ भनेर महामारीलाई सम्बोधन गरेको छ। कुनै पनि रोगबाट निरन्तर ज्यान अकालमा गइरहेको छ भने त्यसलाई महामारी भन्ने चलन छ। विपद व्यवस्थापन प्राधिकरण बनेको छ तर त्यसले विपदको पूर्वतयारीका लागि के के कदम चालेको छ भन्ने आम नागरिकलाई जानकारी छैन।

हालसम्म नेपालका लागि कोरोना एउटा भाइरस मात्र हो, विपद भइसकेको छैन विपद हुने प्रबल सम्भावना भएको विश्व स्वास्थ्य संगठनले नेपाललाई जोखिममा राखिदिएर संकेत गरेको छ। २०७२ को भूकम्प नेपालका लागि विपद थियो तर अरु देशका लागि थिएन। त्यसैले सबैतिरबाट सहयोग भएर सामना गर्न सरल भयो। कोरोना मुख्य रुपमा चीनमा आएको विपद हो। यो क्रमशः सर्दै विश्वव्यापी भइरहेको छ र भोलिका दिनमा नेपालमा पनि नआउला भन्न सकिन्न। कोरोना छिरेको छैन भनेर हात बाँधेर बस्ने अवस्था छैन। कोरोनाको सम्भावित आगमनलाई ध्यान दिएर सरकारले केही नीतिगत काम भने गर्न खोजेको देखिन्छ। उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा उच्चस्तरीय समन्वय समिति बनाइएको छ। अति प्रभावित मुलुकको अनअराइभल भिसामा रोक लगाइएको छ। तर त्यहाँ सरकारले हवाई उडान भने अझै रोकेको छैन। उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीलाई अध्ययन अनुमति पत्र (एनओसी) वितरण बन्द गरिएको छ। सर्वोच्च अदालतले कोरोनो भाइरस संक्रमणबाट जोगिन जोखिमयुक्त पाँच मुलुकका सिधा र ट्रान्जिट उडान रोक्न अन्तरिम आदेश दिएको छ। ती मुलुकमा चीन, जापान, दक्षिण कोरिया, बहराइन र इरान छन्।

ती देशबाट सोझै वा ट्रान्जिट भएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आउने उडानको अवस्था र परिस्थितिको सूक्ष्म मूल्यांकन गर्न समेत सर्वोच्चले सजग गराएको छ। साथै ती देशका नागरिकलाई स्वास्थ्य परीक्षण बिना प्रवेश रोक लगाउन आदेश दिएको छ। शंकास्पद स्वदेशी तथा विदेशी नागरिकलाई ततकाल क्वारेन्टाइनमा राखी छुट्टै उपचारको व्यवस्था मिलाउन भनेको छ। विरलै हुने यस किसिमको आदेश भए पनि यो गम्भीर छ। सानो खेलाँचीबाट कोरोना फैलियो भने नेपाल धान्नै नसक्ने अवस्थामा पुग्छ। नेपालमा हालसम्म एकजनामा संक्रमण पाइएको छ तर कोरोना छिरिसकेको छैन। यसको प्रभाव व्यापक रुपमा देखिन थालिसकेको छ। खासगरी पर्यटन उद्योग संकट उन्मुख छ। हवाई यात्रुमा ६० प्रतिशत बढी गिरावट आएको व्यवसायीहरुले बताइरहेका छन्। होटल व्यवसायमा त्यसको प्रभाव झन् बढी परेको छ। कोरोना भाइरस संक्रमणको जोखिम बढेपछि नेपालस्थित कूटनीतिक समुदायले पूर्वनिर्धारित कार्यक्रम रद्द गरेका छन्। अमेरिकी दुताबासले २४४ औं स्वतन्त्रता दिवस फोहोरा दरबारमा आज मनाउन लागेको कार्यक्रम रद्द गरेको छ। कतारले चन्द्रागिरिमा गर्न लागेको आइतबारको फुट फेस्टिबल स्थगित भएको छ। विभिन्न ८२ मुलुक सहभागी रहने दोस्रो अन्तर्राष्ट्रिय रक्त सम्मेलन पनि रद्द भएको छ। ठूला जमघट हुने कार्यक्रम नगर्न सरकारले सुझाएको छ। विदेश भ्रमणको तयारीमा रहेका मन्त्री, सांसद र कर्मचारीले कार्यक्रम स्थगित गरेका छन्।

कोरोना भाइरस संक्रमणका कारण अत्यावश्यक औषधि अभाव हुन थालेको छ। नेपालमा उत्पादित नहुने औषधिको मौज्दात घटिरहेको व्यवसायीहरुले बताएका छन्। व्यवसायीका अनुसार औषधिको कच्चा पदार्थ आयात एक महिनादेखि ठप्प छ। औषधि व्यवस्था विभागमा ३ सय ८४ वट औषधि उद्योग दर्ता छन्। तर यी कुनै पनि एलोपेथिक औषधि उत्पादनका लागि नेपालमा कच्चा पदार्थ उत्पादन हुँदैन। औषधिको रसायन र ब्याक्टेरिया उत्पादन चिनियाँ कम्पनीले गर्ने गरेका छन्। नेपालमा ८० प्रतिशत कच्चा पदार्थ चीनबाट आयात हुने गरेको छ। यता भारत सरकारले कोरोना भाइरस बढ्दै गरेको भन्दै २६ किसिमका औषधि निर्यातमा प्रतिबन्ध लगाएको छ। एमोक्सिलिन, मेक्सिफ्लोक्सेसिन, डक्सिलिन जस्ता एन्टिबायोटिकदेखि प्यारासिटामोल र टिबीका औषधि समेतको निर्यात रोकेको छ। माक्स समेतको अभावले आम जनतालाई त्रसित बनाइरहेको छ। यही बेला खाद्यान्न लगायत तरकारी, दाल समेतको अभाव हुने डरले आम मानिस हैरान छन्। खाना पकाउने ग्यासको लुकामारीले जनताको चुलो बन्द हुने सम्भावना बढ्दै छ।

## कांग्रेस...

गत सत्र गते सभापति देउवाले १३ विभागीय संयोजक तोक्दै पाँच नेतालाई आमन्त्रित केन्द्रीय सदस्यमा मनोनित गरेपछि पुनः विवाद बढेको छ।

विभागीय संयोजकका लागि नाम मागे पनि संस्थापन इतर पक्षले नाम दिएको छैन। त्यसपछि सभापति देउवाले आफ्नो पक्षका नेतालाई समेट्दै विभाग गठन गरे। यसबाट रामचन्द्र पौडेल पक्ष असन्तुष्ट बनेको छ। यसैबीच देउवाले पुनः आफू निकटका सात विभागीय संयोजक थप गरे। जसमा शुभेच्छुक संस्था समन्वयमा एनजी सावद, वन वातावरण तथा व्यवस्थापनमा अम्बिका बस्नेत, महिलामा ईश्वरी न्यौपाने, राज्य प्रशासनमा केशवकुमार बुढाथोकी, खेलकुदमा मोहनबहादुर बस्नेत, निर्माण व्यवसायी समन्वयमा वीरबहादुर बलायर र शिक्षा विभागमा हरिप्रसाद नेपालले जिम्मेवारी पाएका छन्।

१४ औं महाधिवेशनको कार्यतालिका आइसकेको भन्दै पौडेल पक्षले पार्टीमा नियुक्ति र विभाग गठन गर्नै नहुने बताएको छ। केन्द्रीय सदस्य थप्ने र एकलौटी रुपमा विभाग गठन गरेपछि पौडेल पक्ष झन् आक्रोशित भएको छ। पौडेलले महाधिवेशनको आचारसंहिता लागेपछि पैसासँग सभापतिले पद बाँडेको आरोप लगाएका छन्। कार्यकाल सकिन दुई दिन अघि विभाग गठन र आमन्त्रित केन्द्रीय सदस्य मनोनित गरिएको भन्दै पौडेलले आक्रोश पोखेका छन्। सभापति देउवाले १९ फागुनमा फेरि दुई केन्द्रीय सदस्य, ६ आमन्त्रित सदस्य मनोनित र ज्येष्ठ राजनीतिक सभा गठन गरेपछि पौडेल पक्षले विरोध जनाएको छ। अधिवेशन निर्धारण भइसकेपछि यसलाई प्रभावित पार्नका लागि गठन गरिएका विभाग र केन्द्रीय सदस्यको मनोनयन अवैधानिक कदम हुन्। विधान र आचारसंहिता विपरीत हुन् पौडेल पक्षको भनाइ छ।

१३ औं महाधिवेशन भएको दुई महिनामा गर्नुपर्ने काम चार वर्षपछि गर्नु विधान विपरीत हो भन्ने पौडेल पक्षको जिकिर छ। उपसभापति विमलेन्द्र निधिको संयोजकत्व रहेको नीति तथा प्रशिक्षण विभागले बुधबारदेखि पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको जिल्ला उपसभापतिको एकदिने प्रशिक्षण कार्यक्रम पनि पौडेल समूहले बहिष्कार गरेको छ। यसैबीच कोरोना भाइरस (कोबिड १९) को संरक्षण विश्वव्यापी रुपमा फैलिएको भन्दै कांग्रेसले पार्टीको १४ औं महाधिवेशनबाहेक सबै कार्यक्रम स्थगित गरेको छ।

## अर्थतन्त्रमा...

आएको छ। चीनसँगको व्यापार कोरोनाका कारण पूरै प्रभावित बनेको छ भने पर्यटन क्षेत्रमा कोरोनाको असर गम्भीर रुपमा परेको छ।

नेपाल भ्रमण वर्ष २०२० को कार्यक्रम पूरै बिथोलिन पुगेको छ। पर्यटन स्तरका होटलका कोठाहरु खाली रहेको जानकारी व्यवसायीहरुले दिएका छन्। नेपालको जिडीपी अर्थात् कुल गार्हस्थ्य उत्पादनमा गैर कृषिक्षेत्रको योगदान ७३ प्रतिशत रहेकोमा कोरोना समस्या लम्बिएमा यसको असर गैरकृषि क्षेत्रको योगदानमा नराम्रोसँग पर्न सक्ने अर्थमन्त्रालयका अधिकारीहरु बताउँछन्। आर्थिक विश्लेषक योगचन्द्र शर्माका अनुसार कोरोनाको ठूलो प्रभाव रेमिट्यान्समा पनि पर्नेछ। नेपालीलाई रोजगारी दिने जापान, कोरिया, खाडी राष्ट्रहरु समेत कोरोना प्रभावित भएका कारण श्रमिक आपूर्ति रोकिनुका साथै त्यताबाट भित्रिने रेमिट्यान्स प्रभावित बन्नेछ। मुलुकमा बेरोजगारी समस्या समेत बढेर जानेछ। ठूला आयोजनाहरु जहाँ चिनियाँ कम्पनी संलग्न छन्, ती आयोजनाको काम प्रभावित भइसकेको छ।

नेपालमा आउने वायु सेवाहरुले उडान संख्या घटाइसकेका छन्। होटलहरुले कर्मचारी कटौती गरेका समाचार आउन थालेका छन्। सरकारले समेत ठूला भेला, पार्टीहरु नगर्न सूचना गरिरहेको छ। राजनीतिक दलले गर्ने कार्यक्रम प्रदर्शनहरु स्थगन गरेका छन्। कृषि क्षेत्रमा प्रभाव कम परे पनि अन्य सबै क्षेत्र कोरोनाबाट प्रभावित हुनेछ जसको कारण मुलुकको अर्थतन्त्रमा सन्त्रास पैदा भएको छ।

## यस्ता छन्...

कुरा सर्वविदित नै छ। नेकपा (माले) एम्.सी.सी.सम्झौता खारेज र भारतद्वारा कब्जा गरिएको नेपाली भूमि फिर्ता नभएसम्म आन्दोलन तथा संघर्षको मैदानमा डटिरहनेछ। हाल मिति २०७६ फागुन २२ गते निर्धारित बिरोध कार्यक्रमको सन्दर्भमा सह-आन्दोलित दलहरू नेकपा (मसाल) र देशभक्त जनगणतान्त्रीक मोर्चाले केहि आन्तरिक सांगठानिक कार्य समेतका कारणले हाललाई स्थगित गर्नुपर्ने सुझाव प्राप्त भएकोले हाललाई उक्त कार्यक्रम स्थगित गरिएको जानकारी गराइन्छ।

बैठकले प्रधानमन्त्री केपी ओली मृगौला प्रत्यारोपणको क्रममा रहनु भएकोले प्रत्यारोपण कार्य सफलतापूर्वक सम्पन्न होस् भनी उहाँको शिघ्र स्वास्थलाभको कामना गर्दछ।'

## सुखानीका...

राजले निर्ममतापूर्वक हत्या गरेको थियो। बुद्धिजीवीहरु नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र रामनाथ दाहाललाई जेल सार्ने बहानामा सुखानीको जंगलमा लगेर खुनी पञ्चायती शासकहरुले कायरतापूर्वक हत्या गरेका थिए। रामनाथ दाहाल त तिनै व्यक्ति थिए जसले वर्तमान प्रधानमन्त्रीको हेरचाह र पठनपाठनको जिम्मेवारी निभाएका थिए। धनी किसान वर्गका दाहालको संरक्षत्व यदि नपाएका भए केपी ओली वामपन्थी राजनीतिमा हुन्थे हुन्थेनन् त्यो अहिले पनि बहसको विषय हुन सक्छ।

नेपाली कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै सुखानीका सहिदहरुले क्रान्तिको बाटो देखाएका थिए। त्यसबेलाको झापा विद्रोह मूलतः नक्सलवाडी आन्दोलनबाट निश्चय नै प्रभावित थियो। पश्चिम बंगालको नक्सलवादी क्षेत्रलाई आधारभूमि बनाएर भारतीय क्रान्तिकारी कम्युनिस्टहरुले विद्रोहको शंखघोष गरेका थिए। जसलाई नक्सलवादी आन्दोलन भनेर चिनिन्छ। अहिले पनि भारतको झारखण्ड, विहार, छत्तीसगढ आदि क्षेत्रमा विद्रोह गरिरहेका कम्युनिस्टहरुलाई भारतीय सञ्चारमाध्यमहरुले नक्सली, नक्सलाइट भनेर समाचार सम्प्रेषण गर्ने गरेको पाइन्छ। झापा विद्रोहका युवाहरुलाई पनि पञ्चायती शासकहरुले नक्सलपन्थी भन्ने गर्थे। नक्सलवादी विद्रोहको हुबहु कपि थियो झापा विद्रोह। नक्सलवादी विद्रोहको नेतृत्व चारु मजुमदारले गरेका थिए। यता झापा विद्रोहको नेतृत्व मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सीपी मैनाली, हर्कबहादुर खड्का, सीता खड्का, लीला कट्टेल, शान्ता प्रसाइँ, दुर्गा अधिकारी, रामप्रसाद प्रधान, शिव शिवाकोटी, राजन राजवंशी, दधिराम धिमाल, श्रीराम गिरी, दिलबहादुर खड्का, नरेश खरेल, रत्नकुमार वान्तवालगायत सुखानीमा हत्या गरिएका पाँच युवाले गरेका थिए।

सामन्त सफाय अभियानको छोटो समयमै थुप्रै झापाली युवा विद्रोहीहरु पक्राउ परे। पाँचजना सुखानीमा मारिए भने चन्द्रबहादुर डाँगी र रामप्रसाद प्रधानलाई स्थानीय सामन्त पञ्चायती दलालहरुले पक्रेर हत्या गरे। मोहनचन्द्र, राधाकृष्ण, सीपी, धर्म घिमिरे, नरेश खरेल, नारद वाग्ले, घनेन्द्र बस्नेत लगायत दर्जनौं युवाहरु जेल परे। झापा आन्दोलनमा उल्लेख्य भूमिका ननिभाए पनि केपी ओली पनि समातिए। सुखानी हत्याकाण्ड र नेताहरुको गिरफ्तारीले झापा आन्दोलनले ठूलो धक्का खायो। पछि कोअर्डिनेसन कमिटी हुँदै २०३५ सालमा नेकपा मालेको उदय भयो। मार्क्सवादी समूहसँग पार्टी एकीकरण भएपछि माले एमाले बन्यो। पूर्वमाओवादी केन्द्रसँग एकता गर्दै एमाले नेकपाका रुपमा अहिले सरकारको नेतृत्वमा छ।